वर्ष २० | अंक ७८ | काठमाडौं | मंगलबार, २५ मङ्सिर २०८१ | Tuesday, 10 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com



हुन्डाई नेपालले ल्यायो डिसेम्बर डिलाइट अभियान २
नबिल बैंकले शुरू गऱ्यो अपोइन्टमेन्ट बैंकिङ सेवा ३
समृद्धिको त्रिभुज : चीन भारत र नेपाल ४
सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्दै नबिल बैंक ८

**मटोको उर्वराशक्ति जोगाऔं !**

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छवाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जग्गामा कृषि बन प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राजस्वमा प्रत्यक्ष करको अंश बढ्दो, तर अझै न्यून

हिमा बि.क
काठमाडौं

भारतले सरकारको राजस्वमा प्रत्यक्ष कर (आयकर र सम्पत्तिमा लाग्ने कर) को अंश ५७ प्रतिशत पुगेको डेढ महीना अघि घोषणा गऱ्यो । अघिल्लो वर्ष भने यो ५४ दशमलव ६३ प्रतिशत थियो ।

नेपालमा भने जम्मा राजस्वको तुलनामा प्रत्यक्ष करको अंश भारतको भन्दा झन्डै आधामात्र रहेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा राजस्वमा प्रत्यक्ष करको अंश ३० प्रतिशत रहेको अर्थ मन्त्रालयले बताएको छ । पछिल्लो १ दशकमा कर राजस्वमा प्रत्यक्ष कर संकलनको प्रवृत्ति बढेको भए पनि यसको वृद्धिदर भने सुस्त रहेको छ । आर्थिक वर्ष (आव) २०७१/७२ मा यसको अंश २८ दशमलव ४ प्रतिशत थियो ।

अप्रत्यक्ष कर (भन्सार, मूल्य अभिवृद्धिकर र अन्तःशुल्क आदि) को अंश भने सरकारी राजस्वमा उच्च रहेको छ । पैठारीमा आधारित अर्थतन्त्र हुँदा अप्रत्यक्ष करको योगदान कर राजस्व संकलनमा सधैं हाबी हुँदै आएको सरकारी अधिकारी तथा विज्ञहरूले बताए ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले राजस्व संकलनको ठूलो भार भन्सारमाथि रहेकोले यसको अंश घटाउँदै लैजानुपर्ने बताउँछन् । 'प्रत्यक्ष कर बढाएर ४० र अप्रत्यक्ष कर घटाएर ६० प्रतिशतमा झार्न सकिए राम्रो हुन्थ्यो,' उनले भने, 'तर, अहिले प्रत्यक्ष कर बढ्दो क्रममा त रहेको छ तर यसमा उच्च वृद्धि गर्न योजनाबद्ध रूपमै काम गरिनुपर्छ ।'

व्यक्ति तथा कम्पनीहरूले आय गरेमात्र प्रत्यक्ष कर उठ्ने भएकाले प्रत्यक्ष कर मानिसहरूको आयस्तरसँग जोडिएको छ । अप्रत्यक्ष कर भने वस्तु तथा सेवाको आयात तथा बेचबिखनमा लगाउने करमा आधारित छ ।





- भारतमा भन्दा झन्डै आधा मात्र प्रत्यक्ष करको अंश
- प्रत्यक्ष कर बढ्न व्यक्तिगत आय, रोजगारीका अवसर, उत्पादनमूलक उद्योगको विस्तारका साथै सम्पत्ति पनि बढ्नुपर्ने
- आयातमा आधारित कर प्रोत्साहित भएकाले अप्रत्यक्ष कर अंश उच्च

आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्य राजस्व संकलनमा प्रत्यक्ष करको अंश एकैपटक झ्याप्पै बढ्ने नभई यसलाई सघाउने अन्य पक्षहरू पनि साथसाथै बढ्नुपर्ने बताउँछन् । 'प्रत्यक्ष कर बढ्नका लागि व्यक्तिगत आय, रोजगारीका अवसर, उत्पादनमूलक उद्योगको विस्तारका साथै सम्पत्ति पनि बढ्नुपर्छ,' आचार्यले भने, 'आयआर्जनसँग प्रत्यक्ष जोडिएका कुराहरू जति बढ्छन्, त्यत्ति नै प्रत्यक्ष करको अंश पनि बढ्ने हो ।'

आयकर ऐन, २०५८ आइसकेपछि भने आयमा आधारित कर र कतिपय सानातिना सम्पत्तिमा आधारित कर पनि समावेश भएको हुँदा आयकर पछिल्ला दिनमा बढेको उनको भनाइ छ ।

उनका अनुसार १ दशकअघि मात्रै अप्रत्यक्ष करको अंश झन्डै ८० प्रतिशत हुँदा प्रत्यक्ष करको हिस्सा जम्मा २० प्रतिशतसम्म मुश्किलले हुन्थ्यो । अर्थ मन्त्रालयको तथ्यांकअनुसार १ दशक (२०७१/७२ देखि २०८०/८१)को अवधिमा कुनै कुनै आव प्रत्यक्ष करको अंश ३१ प्रतिशतसम्म पुगेको छ ।

२०३२ सालमा ४ दशमलव ७ प्रतिशत रहेको आयकरको अंश आव २०७९/८० मा आइपुग्दा २६ दशमलव ७ प्रतिशतमा छ । रोजगारीको अवसरका साथै पाउने पारिश्रमिकको अंक बढेपछि मात्रै यो करको अंश बढ्छ । यसका लागि त्यहीअनुसारको संरचना, आर्थिक व्यवस्था, उद्योगधन्दाहरू, व्यापार व्यवसाय र सरकारी र निजीक्षेत्रबाट रोजगारीका अवसरहरू र पाउने आम्दानीको भोलुम बढ्नुपर्ने आचार्य बताउँछन् ।

**कर राजस्वमा प्रत्यक्ष र अप्रत्यक्ष करको योगदान**

| वर्ष | प्रत्यक्ष कर % | अप्रत्यक्ष कर % |
|---|---|---|
| २०७१/७२ | २८.४ | ७१.६ |
| २०७२/७३ | ३१.६ | ६८.४ |
| २०७३/७४ | ३१.१ | ६८.९ |
| २०७४/७५ | २८ | ७२ |
| २०७५/७६ | २७ | ७३ |
| २०७६/७७ | ३१.४ | ६८.६ |
| २०७७/७८ | २६.२ | ७३.८ |
| २०७८/७९ | २६.४ | ७३.६ |
| २०७९/८० | २९.१ | ७०.९ |
| २०८०/८१ | ३० | ७० |

*स्रोत : अर्थ मन्त्रालय*

सरकारको आर्थिक, राजस्वसँग सम्बद्ध नीतिजस्ता प्रचलित कानूनले जुनसुकै आर्थिक कारोबार गरी आयआर्जन गरेपछि करको दायरमा आउनुपर्छ भनेर सबै खालका आयआर्जनलाई करको दायरामा ल्याएको छ । प्रत्यक्ष करको हिस्सा बढाउने उद्देश्यले नै व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) लागू भइरहेको छ ।

आन्तरिक राजस्व विभागका अनुसार अहिले प्यान लिनेको संख्या झन्डै ४२ लाख पुगेको छ । 'यसरी प्यान लिनेले जहाँ सुकैबाट जतिसुकै आम्दानी गरे पनि नियमअनुसार लाग्ने कर उहाँहरूको प्यान नम्बरबाट हाम्रो प्रणालीमा आउँछ,' आचार्यले भने, 'यद्यपि यसरी आउने अंक धेरै/थोरै आफ्नो ठाउँमा छ ।' पहिला व्यक्तिगत रूपमा आम्दानी गर्ने जोसुकै पनि प्यानमा दर्ता हुनुपर्ने अनिवार्यता थिएन ।

कुल संख्या हेर्ने हो भने बिजनेश प्यान, पीप्यान-पर्सनल पानलगायत ६४ लाख करदाता विभागको डोमिनमा आइसकेका छन् । अहिले प्रत्यक्ष करतर्फ पनि सहभागिता बढ्दो रहेको उनको भनाइ छ । 'कर संकलन विस्तार गर्नुपर्ने सबैको दायित्व हो,' उनले भने ।

नेपालमा जति उत्पादनमूलक उद्योगको विकास हुनुपर्थ्यो, त्यो अनुपातमा नहुँदा माग नै आयातबाट पूर्ति हुँदै आएको छ, जसले भन्सारमा आयात हुने वस्तुको संख्या बढ्छ । आयात हुने वस्तुको संख्या बढ्नासाथ भन्सारको राजस्व बढिहाल्छ भने त्यसले भ्याटसम्ममा असर गर्छ । राजस्व प्रणाली नै पैठारीमा आधारित भएको हुँदा त्यसले सीधै अप्रत्यक्ष करलाई नै बढी प्रोत्साहन गर्छ ।

सरकारले २०८० फागुनमा गठन गरेको 'करप्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समिति'का सदस्यसमेत रहेका त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा रामप्रसाद ज्ञवालीले कर संकलनमा आयकरले अहिले उछिनेर आएको बताउँछन् । कर संकलनको प्रवृत्ति हेर्दा पहिला न्यूनतम रहेको आयकर अहिले राजस्व संकलनको दोस्रो स्रोतको रूपमा उक्लिएको भन्दै उनले थपे, 'अहिले कर संकलनमा सबैभन्दा धेरै योगदान मूल्य अभिवृद्धिकरको छ, यसअघि भने भन्सार महशुलको अंश धेरै थियो । अहिले भन्सारको अंश घटेको छ ।'

» बाँकी पृष्ठ ५ मा

# राणा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालको पहिलो नेपाली सीईओ

अभियान संवाददाता
काठमाडौं



स्टचान्डर्ड चार्टर्ड बैंक नेपालको पहिलो नेपाली प्रमुख कार्यकारी अधिकृत (सीईओ)का रूपमा गोरखशमशेर राणा नियुक्त भएका छन् । सन् १९८७ देखि नेपालमा सञ्चालनमा आएको स्टचान्डर्ड चार्टर्ड बैंक नेपालमा शुरूदेखि नै विदेशी सीईओ नियुक्त हुँदै आएको थियो ।

नयाँ सीईओका रूपमा राणाको नियुक्तिले यो क्रम तोडिएको छ । स्टचान्डर्ड चार्टर्डमै काम गरिसकेका सशिन जोशी, अनिल शाह, परशुराम कुँवर क्षेत्री, सुदेश खालिङ, उपेन्द्र पौडेल, अनुपमा खुञ्जेली, अजय श्रेष्ठ, लक्ष्मण रिसाल, सुनिल केसी लगायत बैंकरहरू अन्य बैंकमा सीईओ भइसक्दा पनि स्टचान्डर्ड चार्टर्डले उपल्लो दर्जामा रहेका नेपाली कर्मचारीलाई यसअघि सीईओको जिम्मेवारी दिएको थिएन । तसर्थ सीईओमा राणाको नियुक्तिले विशेष अर्थ राख्छ । हालका सीईओ अनिर्वाण घोष दस्तीदारको पदावधि सकिएसँगै राणाले नयाँ सीईओको जिम्मेवारी पाएका हुन् । बैंक स्रोतका अनुसार राणाले जनवरी २०२५ बाट सीईओका रूपमा जिम्मेवारी सम्हाल्नेछन् ।

बैंकका एक सञ्चालक सिद्धान्तराज पाण्डेले सोमवार बेलुका आफ्नो फेसबुकबाट राणाको नियुक्तिको खुलासा गरेका हुन् । फेसबुकमा दस्तीदार र राणासहितको आफ्नो तस्वीर राखेर पाण्डेले लेखेका छन्, 'स्टचान्डर्ड चार्टर्ड बैंक नेपालका पहिलो नेपाली सीईओका रूपमा नियुक्त भएकोमा गोरख राणालाई बधाई तथा दुबईमा नयाँ कार्यभार गर्न लागेका अनिर्वाणलाई हार्दिक शुभकामना ।

राणा आफैले पनि नियुक्तिको पुष्टि गरेका छन् । राणा २०२२ को जनवरी १ मा यो बैंकको डेपुटी सीईओ नियुक्त भएका थिए । उनले सन् १९९४ मा स्टचान्डर्ड चार्टर्ड बैंक नेपालमा रिटेल एन्ड प्राइभेट बैंकिङ विभागबाट काम शुरू गरेका थिए । त्यसपछि उनी सन् १९९६ मा कर्पोरेट एन्ड इन्स्टिच्युशनल बैंकिङ विभागमा गए । त्यसयता उनले रिलेसनसिप मेनेजर, सिनियर क्रेडिट मेनेजर, हेड अफ क्लाइन्ट कभरेजको जिम्मेवारी निर्वाह गरेका छन् । पछिल्लो समय उनी ग्लोबल बैंकिङ एन्ड कमर्सियल बैंकिङको प्रमुख थिए ।

स्टचान्डर्ड चार्टर्ड बैंक नेपालमा स्टचान्डर्ड चार्टर्ड ग्रिन्डलेज पीटीवाई लिमिटेड र स्टचान्डर्ड चार्टर्ड बैंक यूकेको कुल ७० दशमलव २१ प्रतिशत लगानी छ । त्यसमध्ये स्टचान्डर्ड चार्टर्ड ग्रिन्डलेजको ४६ दशमलव ८१ प्रतिशत र स्टचान्डर्ड चार्टर्ड बैंक यूकेको २३ दशमलव ४ प्रतिशत शेयर स्वामित्व छ । बैंकमा नेपाली सर्वसाधारणको २९ दशमलव ७९ प्रतिशत स्वामित्व रहेको छ ।

नेपालमा सञ्चालनमा रहेका बैंकमध्ये एक मात्र अन्तरराष्ट्रिय बैंकको हैसियत प्राप्त स्टचान्डर्ड चार्टर्ड आइक्रा नेपालबाट आइक्राएनपी आईआर ट्रिपल ए रेटिङ पाउने एक्लो बैंक पनि हो ।

## आय विवरण बुझाउने म्याद थप नगर्ने निर्णय

# करदाताले आयविवरण मङ्सिरभित्रै बुझाउनुपर्ने बाध्यता हट्यो

अभियान संवाददाता
काठमाडौं

वार्षिक २५ करोड रूपैयाँसम्मको कारोबार गर्ने निकाय र अन्य करदाताले मङ्सिरभित्रै आय विवरण बुझाउनुपर्ने बाध्यता तत्काललाई हटेको छ ।

अधिवक्ताद्वय सृजना अधिकारी र स्वस्तिका दंगाल, नेपाल टचाक्स पेयर्स सोसाइटीका अध्यक्ष टीका कार्की र चार्टर्ड एकाउन्टेन्ट शैलेन्द्र उप्रेतीले संयुक्त रूपमा दायर गरेको रिटमा पाटन उच्च अदालतले सुनुवाइ गर्दै वार्षिक २५ करोड रुपैयाँसम्मको कारोबार गर्ने निकाय र अन्य करदाताले आय विवरण बुझाउने म्याद थप नगर्ने आन्तरिक राजस्व विभागको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश जारी गरेको हो ।

आयकर ऐन २०५८ को दफा ९८ मा करदातालाई आय विवरण पेश गर्न विभागले एकैपटक वा पटकपटक गरी बढीमा ३ महीना म्याद थप गर्न सक्ने व्यवस्था छ । तर, वार्षिक १ करोड रुपैयाँसम्म कारोबार गर्ने एकलौटी फर्म र कारोबार शून्य भएका निकायको हकमा आय विवरण बुझाउने म्याद नथप्ने निर्णय विभागले गत असोजमा गरेको थियो ।

यस्तै वार्षिक २५ करोड रुपैयाँसम्म कारोबार भएका निकाय र अन्य करदाताको हकमा मङ्सिर मसान्तसम्म मात्र म्याद थप हुने सूचना निकालेको थियो । विभागले वार्षिक २५ करोड रुपैयाँभन्दा माथिको कारोबार गर्ने करदाताको हकमा पुस २० गतेसम्म मात्र म्याद थप हुने सूचना जारी गरेको थियो ।


रिट निवेदकहरूले आन्तरिक राजस्व विभागको सूचनाविरुद्ध अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक राजस्व विभागलाई विपक्षी बनाएर रिट हालेका थिए । पाटन उच्च अदालतका न्यायाधीश हेमन्त रावलको एकल इजलाशले अल्पकालीन अन्तरिम आदेश दिँदै १५ दिनभित्र दुवै पक्षलाई छलफलमा बोलाएको छ ।

अहिले कर कार्यालयहरूले निवेदन लिने गरे पनि म्याद थप गर्न मानिरहेका थिएनन् । 'निवेदन लिने तर म्याद थप नहुने अवस्था आएको थियो, कानूनले दिएको सुविधा कटौती गर्न पाइँदैन भनेर हामीले रिट हालेका हौं,' चार्टर्ड एकाउन्टेन्ट उप्रेतीले भने, 'अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ । मुद्दा नटुंगिएसम्म विगतका वर्षमा जसरी काम भएको छ, त्यसैगरी गर्नुपर्ने हुन्छ ।' यसको अर्थ मुद्दा किनारा नलागिसकेको अवस्थामा विगतमा जसरी नै आय विवरण बुझाउन सकिने भएको छ ।

**के छ आदेशमा ?**

रावल नेतृत्वको इजलाशले मिसिल अध्ययन गरेको थियो । निवेदकको तर्फबाट अधिवक्ताद्वय सृजना अधिकारी, शृखंला तिवारीले बहस गरेका थिए ।

» बाँकी पृष्ठ ५ मा





# बीमा प्राधिकरणका अध्यक्ष सिलवालविरुद्ध भ्रष्टाचारको मुद्दा

अभियान संवाददाता
काठमाडौं

पदबाट अवकाश हुन २ महीनामात्र बाँकी रहँदा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालविरुद्ध भ्रष्टाचार मुद्दा परेको छ । उनले फरकफरक जन्ममिति देखाएर पदमा बसी लाभ लिएको भन्दै अख्तियारले सोमवार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

सिलवालले कम उमेर देखाएर १५ साउन २०८० यता अवैध रूपमा पदमा रहेको भन्दै त्यसयता पारिश्रमिकबापत लिएको ३६ लाख ६२ हजार रुपैयाँलाई भ्रष्टाचारको बिगो दाबी गरिएको छ । २०७७ साल फागुनमा तत्कालीन बीमा समितिमा अध्यक्ष नियुक्त भएका सिलवालको कार्यकाल आगामी माघमा समाप्त हुँदै छ । प्राधिकरणमा अध्यक्षको कार्यकाल ४ वर्षको हुने कानूनी व्यवस्था छ ।

तत्कालीन बीमा समिति नेपाल बीमा प्राधिकरणमा रूपान्तरण हुँदा सिलवाल प्राधिकरणमा स्वतः अध्यक्ष भएका थिए । बीमा प्राधिकरण ऐनमा समितिका अध्यक्ष र सञ्चालकहरू प्राधिकरणमा स्वतः रहने व्यवस्था राख्न पनि सिलवालले नै पहल गरेका थिए ।




अख्तियारले अदालतमा पेश गरेको अभियोगपत्रमा सिलवालले पटकपटक नागरिकताको विवरण हेरफेर गरी व्यक्तिगत लाभ लिएको अनि राहदानीमा केरमेट र जालझेल गरेको आरोप लगाइएको छ । उनले २४ फागुन २०३२ मा जिल्ला प्रशासन कार्यालय पर्साबाट नागरिकता लिँदा १६ वर्ष उमेर खुलाए पनि २०६६ सालमा प्रतिलिपि लिँदा भने जन्ममिति २२ कात्तिक २०१६ उल्लेख गरेका छन् ।

यसैगरी निजामती सेवा प्रवेश गर्दा उनले जन्ममिति १५ साउन २०१५ भनी घोषणा गरेका थिए । सिटरोलका साथै त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्रमा समेत त्यही जन्ममिति उल्लेख थियो । त्यही विवरणलाई आधार मानेर उनले १५ साउन २०७३ निजामती सेवाबाट अवकाश लिएका थिए ।

सिलवाल २०७७ फागुनमा बीमा समितिको अध्यक्ष नियुक्त भए । सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड-२०७३ अनुसार राजनीतिक नियुक्ति र मनोनयनमा सार्वजनिक पदमा पुगेको व्यक्ति ६५ वर्ष पूरा भएपछि अवकाश हुनुपर्ने व्यवस्थाअनुसार १५ साउन २०८० मा अवकाश पाउनुपर्नेमा उनले जन्ममिति २४ कात्तिक २०१८ रहेको दाबी गर्दै बढी समय पदमा बसेर लाभ लिएको अख्तियारको अभियोगपत्रमा उल्लेख छ ।

» बाँकी पृष्ठ ५ मा



# मेटलाइफ नेपालको २३ वार्षिकोत्सव सम्पन्न




काठमाडौं (अस) । मेटलाइफ नेपालले डिसेम्बर ५ मा आफ्नो २३औं वार्षिकोत्सव भव्य रूपमा मनाएको छ । मेट लाइफको बंगलादेश, मलेसिया, नेपाल र भियतनाम प्रमुख एलेना बुटारोभा वार्षिकोत्सवको नेतृत्व गर्न काठमाडौं आएको कम्पनीले जनाएको छ ।

मेटलाइफका कर्मचारी र उनीहरूका परिवारको उपस्थितिमा गत हप्ता काठमाडौंमा भव्य वार्षिक पारिवारिक कार्यक्रम आयोजना गरिएको कम्पनीको भनाइ छ । कार्यक्रममा कम्पनीको सफलतामा महत्त्वपूर्ण भूमिका खेलेका कर्मचारीको कम्पनीप्रतिको समर्पणलाई सम्मान गरिएको कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

वार्षिकोत्सवको अवसरमा मेटलाइफ नेपालले आफ्ना अभिकर्ताहरूका लागि एजेन्सी र व्यवसाय सञ्चालनलाई सुदृढ पार्न मद्दत गर्ने उद्देश्यका साथ 'माई एजेन्सी एप' सार्वजनिक गरेको छ । एपले अभिकर्तालाई बीमा योजना र अनुप्रयोगहरू व्यवस्थापन गर्न र ग्राहकहरूसँग नजिकको सम्बन्ध बनाउन अझ सजिलो बनाउने अपेक्षा गरिएको छ ।

वार्षिकोत्सवको अवसरमा मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भनेका छन्, 'यो उपलब्धि हाम्रा ग्राहकहरूले हामीमाथि राखेको विश्वास र हाम्रा कर्मचारी र अभिकर्ताहरूको समर्पणको प्रमाण हो । हामीले नेपालमा २३ वर्षको वार्षिकोत्सव मनाउँदै गर्दा हामी हाम्रा ग्राहकलाई आत्मविश्वासका साथ आफ्नो भविष्य सुरक्षित गर्न सशक्त बनाउने समाधानहरू नवप्रवर्तन र वितरण गर्न प्रतिबद्ध छौं ।'

मेटलाइफ नेपाल मेटलाइफको सहायक कम्पनीको रूपमा संयुक्त राज्य अमेरिकामा दर्ता भएको अमेरिकन लाइफ इन्स्योरेन्सको शाखाको रूपमा सन् २००१ देखि नेपालमा सञ्चालनमा छ । नेपालमा मेटलाइफले उपभोक्ता तथा व्यवसायहरूलाई जीवन बीमा, दुर्घटना तथा स्वास्थ्य बीमा र कर्मचारी लाभ (समूह बीमा) जस्ता सुविधा प्रदान गरिरहेको छ ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको बांगेमुढा नजिकै पानीका जार ढुवानी गरिँदै । उपत्यकाका धाराहरूमा मेलम्चीको पानी आए पनि पानीका जार विक्रीमा खासै कमी नआएको व्यवसायी बताउँछन् ।**

## स्ट्रिक्स प्रोफेशनल मेगा शो सम्पन्न



काठमाडौं (अस) । सौन्दर्यकर्मीलाई कपाल कटिङ, कलरिङ तथा प्रचलित नवीन स्टाइलका बारेमा जानकारी दिने उद्देश्यले हेयर प्रडक्ट ब्राण्ड स्ट्रिक्स प्रोफेशनलले काठमाडौंमा मेगा शो आयोजना गरेको छ । काठमाडौंमा आयोजित मेगा शो २०२४ मा नेपालभरिबाट सैलुन तथा सौन्दर्य व्यवसायीको उपस्थिति थियो ।

कार्यक्रममा सहभागीहरूलाई कपालको आधुनिक डिजाइन, कलरिङ, रचनात्मकता, शीप विकासबारे जानकारी दिइएको थियो । यस्तै स्ट्रिक्स प्रोफेशनलको स्पेक्ट्रम कलेक्शनबाट ६ ओटा आकर्षक लुक्सको अनावरण र स्ट्रिक्स प्रोफेशनल अर्गन सिक्रेट्स हाई लिफ्ट शेड्स, ह्युम्याजिक नो अमोनिया हेयर कलर र फंगी कलर जस्ता नयाँ उत्पादन सार्वजनिक गरिएको थियो ।

स्ट्रिक्स प्रोफेशनलका प्रमुख रोशेल छाबडाले सौन्दर्य व्यवसायीलाई नवीनतम अन्तरराष्ट्रिय प्रचलन र उन्नत प्रविधिबारे प्रशिक्षण दिई उनीहरूको क्षमता विकासका लागि कम्पनीले काम गरिरहेको बताइन् । 'स्ट्रिक्स प्रोफेशनलमा हामी शिक्षालाई हाम्रो उद्योगको आधारशिलाको रूपमा हेर्छौं,' उनले भनिन् 'सैलुन व्यवसायीहरू कपालको फेसनमा अग्रपंक्तिमा रहिरहून्, विश्वव्यापी प्रचलनलाई आफ्ना ग्राहकको आवश्यकता अनुरूप अपनाउन सक्षम होऊन् र हेयर फेसनमा सबैभन्दा अग्रपंक्तिमा रहून् भन्ने हाम्रो उद्देश्य हो ।'

स्ट्रिक्सका अन्तरराष्ट्रिय व्यापार प्रमुख अभिषेक भट्टाचार्यले सैलुङ व्यवसायीको क्षमता विकासका लागि कम्पनीले सहयोग गरिरहेको बताए । हरेक वर्ष मेगा शो गर्दै आएको कम्पनीको यो पाँचौं संस्करणको कार्यक्रम हो ।

# हुन्डाई नेपालले ल्यायो डिसेम्बर डिलाइट अभियान



काठमाडौं (अस) । नेपालमा हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले डिसेम्बर ९ (मङ्सिर २४) देखि डिसेम्बर डिलाइट अभियान शुरू गरेको छ । डिसेम्बर १५ सम्म चल्ने यो अभियानमा ग्राहकले आकर्षक छूट तथा विशेष लाभको फाइदा लिन सक्ने कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

डिसेम्बर डिलाइट अभियानअन्तर्गत ग्राहकले ६ लाख रुपैयाँसम्म छूट, ५ लाखसम्मको एक्सचेन्ज बोनस र एक वर्षको बीमा सेवा प्राप्त गर्न सक्ने बताइएको छ । 'यस अभियानमा जिरो कस्ट अनरसिप प्लान पनि रहेको छ, यसमा ग्राहकले आफूलाई मन पर्ने गाडी सजिलै खरीद गर्न सक्नेछन्,' विज्ञप्तिमा भनिएको छ, 'साथै ३ वर्षको निःशुल्क चेक-अप, गाडी मर्मत सामग्रीहरू तथा विभिन्न वास कुपन र ३ वर्षको सर्भिसिङ प्याकेजको पनि लाभ लिन सकिनेछ ।

हुन्डाई नेपालले ग्राहकको अनुभवलाई सधैं झैं विश्वसनीय र रमाइलो बनाउन यो अभियान शुरू गरेको बताइएको छ । आगामी शनिवार योमरी पुन्ही र उधौली पर्वको अवसरमा नक्साल, भक्तपुर र थापाथाली सोरुममा पर्व विशेष कार्यक्रम पनि आयोजना हुने कम्पनीले बताएको छ ।

# कजारिया टायल्सको 'मैसन मिट २०२४' सम्पन्न




काठमाडौं (अस) । कजारिया टायल्सले काठमाडौंमा 'मैसन मिट २०२४' सम्पन्न गरेको छ । १५० जनाभन्दा बढी राजमिस्त्रीहरू सहभागी रहेको उक्त मिटमा भारतबाट समेत प्रशिक्षक ल्याई नेपाली प्राविधिकहरूसँग उच्च गुणस्तर र नयाँ प्रविधिको बारेमा गहन छलफल गराइएको कम्पनीले बताएको छ ।

मैसन मिटको उद्देश्य राजमिस्त्रीहरूलाई निर्माण अभ्यासको ज्ञान दिने र ब्रान्ड चेतनाको बारेमा छलफल गर्ने रहेको थियो । सो मिटमा कजारिया ब्राण्डको गुणस्तर, नयाँ प्रविधि र मूल्यको समेत जानकारी दिइएको थियो । कम्पनीले आफ्ना ग्राहक तथा उपभोक्ता, डिलर तथा निर्माण विज्ञहरूलाई प्राथमिकतामा राखेको बताएको छ । स्थानीयस्तरमा घर तथा आवासको निर्माणमा योगदान गरिरहेका निर्माण राजमिस्त्रीहरूसँगको सम्बन्ध थप मजबूत बनाउने उद्देश्य राखेर यो कार्यक्रमको आयोजना गरिएको जानकारी कम्पनीले दिएको छ ।

'अर्थतन्त्रलाई मजबूत बनाउन राजमिस्त्रीको उल्लेख्य भूमिका रहेकाले सुरक्षित आवास निर्माणसम्बन्धी तालीम तथा अन्तरक्रिया गराउन कजारिया रमेश टायल्स सधैं सजग छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'काठमाडौंबाट शुरू भएको मैसन मिट छिट्टै नेपालभरका कम्तीमा १६ ठाउँमा गरिनेछ ।'

कार्यक्रममा काजरिया रमेश टायल्सका कन्ट्री हेड प्रवीन सिंहले भने, 'मानिसले घर बनाउँदा आफू र आफ्नो परिवारको सुरक्षालाई केन्द्रमा राख्ने हुनाले उपयुक्त तथा गुणस्तरीय निर्माण सामग्रीको छनोटका साथै दक्ष जनशक्तिको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।'

कजारिया रमेश टायल्स नेपालको व्यापारिक तथा औद्योगिक समूह रमेश कर्प र भारतको कजारिया सिरामिक्स लिमिटेडको संयुक्त लगानीमा २ वर्षअघि नवलपरासीमा खुलेको उद्योग हो ।

## एपेक्स कलेजको दीक्षान्त समारोह सम्पन्न




काठमाडौं (अस) । एपेक्स कलेजले 'क्लास अफ २०२४' को सम्मानमा दीक्षान्त समारोह गरेको छ । दीक्षान्त समारोहले विद्यार्थीहरूको शैक्षिक उपलब्धि माइलस्टोन र नयाँ अध्ययको शुरुआतको सन्देश दिएको कलेजले बताएको छ । यसले विद्यार्थीलाई अभिभावक, संरक्षक, शिक्षक र साथीहरूको सहयोगको महत्त्व स्मरण गराउँदै कलेजमा बिताएका अमूल्य क्षणहरूको सम्झना दिलाउने अवसर प्रदान गरेको बताइएको छ ।

यस वर्ष कलेजबाट कुल २५८ विद्यार्थी दीक्षित हुनेछन्, जसमा १५० स्नातक ( ब्याचलर्स) डिग्री प्राप्त गर्ने र १०८ स्नातकोत्तर (मास्टर्स) डिग्री प्राप्त गर्ने विद्यार्थी रहेको कलेजले बताएको छ । यस वर्षको छात्रवृत्ति एपेक्स कलेजको बिबिए कार्यक्रमअन्तर्गत बैंकिङ र इन्स्योरेन्सका विद्यार्थी यादवप्रसाद पाण्डेलाई प्रदान गरिएको छ । छात्रवृत्तिका लागि उनी कलेजका १५० विद्यार्थीमध्ये छानिएका हुन् । यससँगै उनले इनोभेट नेपाल ग्रुप अन्तर्गतका कुनै संस्थामा काम गर्ने अवसर पनि प्राप्त गर्ने बताइएको छ ।

# पटेकडाँडा आन्तरिक पर्यटकको गन्तव्य बन्दै



तेह्रथुम । तेह्रथुम र धनकुटाको सीमा क्षेत्रमा अवस्थित पर्यटकीयस्थल पटेकडाँडा आन्तरिक पर्यटकका निम्ति आकर्षक गन्तव्यका रूपमा विकास भइरहेको छ । समुन्द्री सतहबाट दुई हजार सात सय दुई मिटर उचाइमा रहेको पटेकडाँडाबाट मौसम खुलेको समयमा मकालु, कुम्भकर्ण सहितका सुन्दर हिमशृंखलासँगै तेह्रथुम र धनकुटालगायत छिमेकी जिल्लाका विभिन्न स्थानको अवलोकन गर्न सकिन्छ । पटेकडाँडा सूर्योदय र सूर्यास्तको दृष्यावलोकनका लागि प्रख्यात छ ।

सरकारले सय गन्तव्य सूचीमा राखेको पटेकडाँडा कोशी राजमार्गअन्तर्गत धनकुटाको छथरजोरपाटी गाउँपालिकास्थित सिधुवा बजारबाट ४५ मिनेट उकालो चढेपछि पुगिन्छ । स्थानीय सरकारको पहल एवं संघीय र प्रदेश सरकारको सहकार्यमा सिधुवा बजारबाट केही माथि पैदलयात्राका लागि रेलिङसहितको सिँढी निर्माण गरिएको छ । डाँडामा शौचालय र वनभोजस्थल बनाइएका छन् । त्यहाँ पूर्वाधार निर्माण भएसँगै पर्यटकको चहलपहल बढेको स्थानीय छिरिङ शेर्पाले बताए ।

सरकारले सय गन्तव्य सूचीभित्र पटेकडाँडालाई राखेपछि यो स्थानमा आन्तरिक पर्यटक जान थालेका हुन् । पर्यटकको चहलपहल बढेसँगै सिधुवा बजारको व्यापार-व्यवसायमा वृद्धि भएको स्थानीय व्यवसायी मेघराज घिमिरेले बताए । उनले पटेकडाडाँको प्रचारप्रसार र थप पर्यटनमैत्री पूर्वाधार निर्माण गर्न आवश्यक भएको बताए ।

लालिगुराँसको राजधानी तिनजुरे-मिल्के-जलजले (टिएमजे) क्षेत्रको भ्रमण गर्ने धेरै पर्यटकको रोजाइमा पटेकडाँडा परेको छ । विशेषतः हिउँदमा वनभोज खाने र गुराँस फुल्ने याममा त्यहाँ धेरै पर्यटक पुग्ने गरेका छन् । पर्याप्त प्रचारप्रसार र थप प्रकृतिमैत्री पर्यटन पूर्वाधारको विकास गरेर पटेकडाँडामा बाह्रैमास पर्यटक भित्र्याउन सकिने व्यवसायी घिमिरेले बताए । *रासस*

# महावै गाउँपालिकाको मुकाम जोड्ने सडक बन्दै



कालीकोट । कालीकोटको महावै गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माण हुने भएको छ । विश्व बैंकको सहयोगमा प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (पिएलआरआइपी) कार्यक्रमअन्तर्गत महावै गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माण हुने भएको हो ।

उक्त सडकको मर्मत, कालोपत्र, स्तरोन्नति हुने र त्यसका लागि स्थानीय सडक सुधार कार्यक्रम (पिएलआरआइपी) कार्यक्रमले ठेक्कालगायतका अन्य काम गर्ने गाउँपालिकाले जनाएको छ । सडक निर्माणका लागि स्थानीय तहले जग्गा व्यवस्थापन गर्नुपर्ने सम्झौता भएको र लगानी तथा पूर्वाधार निर्माण स्थानीय सडक सुधार कार्यक्रमले गर्ने महावै गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंहले बताए ।

'विश्व बैंकको सहयोगमा कर्णाली प्रदेशका चार स्थानीय तहको ग्रामीण सडक स्तरोन्नति हुने भएको छ,' उनले भने, 'त्यसै योजनाअनुसार महावै गाउँपालिका जोड्ने सडकको आवधिक मर्मत, नियमित मर्मत, स्तरोन्नति र नयाँ सडक निर्माण हुनेछ ।'

कालीकोटको महावै गाउँपालिका मुकाममा सडक जोड्नका लागि कालीकोट-जुम्ला सडकखण्डको खाँडाचक्र नगरपालिका-८ को सेरावाडादेखि महावै गाउँपालिकाको केन्द्र पादमघाटसम्म जोड्ने नौ किलोमिटर सडक निर्माणका लागि सम्झौता भएको र त्यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लगायतका अन्य काम सम्पन्न भएको गाउँपालिकाका अध्यक्षले सिंहले बताए । उनले भने, 'अब सडक निर्माणको ठेक्का प्रक्रिया अगाडि बढ्छ ।' यो आयोजनामा कालीकोट-जुम्ला सडकखण्डबाट महावै गाउँपालिका जोड्नका लागि तिला नदीमा पक्की पुल निर्माण हुने र पाँच वर्षभित्र सडक कालोपत्र, स्तरोन्नतिलगायत गरिने गाउँपालिका अध्यक्ष सिंहले जानकारी दिए । *रासस*

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

**NOTICE FOR INVITATION OF SEALED BIDS**

**Nepal SBI Bank Limited (referred to as "the Bank" or "NSBL")** is seeking 'Sealed Bids' from reputed firms/companies for the undermentioned. Interested bidders meeting eligibility criteria mentioned in QR are requested to submit the bids within 24.12.2024. For more information please scan QR or visit the announcement section in our **website: https://nsbl.statebank**

| | | | |
|---|---|---|---|
| **Bid 1:** Empanelment of vendors for Conducting Comprehensive Security Review and Audit of Locally Hosted NSBL Applications. | **Bid 2:** Hiring of Annual Maintenance Services of Desktops and Peripherals of NSBL. | **Bid 3:** Procurement of Fixed Assets Management Software and Stationery Stock Management Software. | **Bid 4:** Procurement of Signature Middleware Application (Software) for the Bank. |

छ्याङ्दी हाइड्रोपावर लि.को

**दशौं र एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/२५)**

यस छ्याङदी हाइड्रोपावर लि.को मिति २०८१/०८/०४ गते अपरान्ह ४:०० बजे देखी साँझ ५:३० बजे सम्म बसेको संचालक समितिको १०६ औं बैठकको निर्णयानुसार यस कम्पनीको दशौं र एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**१. साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८१ साल पौष ०५ गते, शुक्रवार तदनुसार (December 20, 2024)
स्थान : अग्रवाल भवन, कमलपोखरी, काठमाण्डौं ।
समय : बिहान ९:०० बजे ।

**२. सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरुः**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० तथा २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को बार्षिक आर्थिक विवरण-आषाढ मसान्त २०८० र आषाढ मसान्त २०८१ को वासलात, तथा सोही मितिहरुमा समाप्त आ.व. २०७९/०८० र २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु) उपर छलफल गरि पारित गर्ने बारे,
३) आ.व. २०८०/०८१ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियुक्त लेखापरिक्षक श्री आर. सापकोटा एण्ड एशोसियट्स, चाटर्ड एकाउन्टेन्ट्स को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिकलाई अनुमोदन गर्ने,
४) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,
५) संचालकको सेवा सुविधा बारे ।

**ख) विशेष प्रस्तावहरुः**

१) कम्पनीले आ.व.२०७९/०८० तथा २०८०/०८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको र भएको खर्चलाई अनुमोदन गर्ने बारे,
२) प्रबन्ध पत्र तथा नियमावलीमा दफा नियम थप, संशोधन लगातयतका विषयहरु नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने,

**ग) विविधः**

**नोटः-विस्तृत जानकारीको लागि प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/०५ गतेको अन्नपूर्ण पोष्ट पत्रिकामा हेर्न सक्नुहुनेछ ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**पाँचथर जिल्ला स्थायी ठेगाना भएका रूद्र कार्ण केरुङ (मो.न. ९७६५३५५८३२) को नाममा ३५ दिने सूचना**

३२ नं. वडाको कोटेश्वर स्थित घरका घरधनीहरू बाबु कृष्ण भासिक र सुरेन्द्र बाबु श्रेष्ठ को घरका कोठा/फ्याट/सटरहरू तपाईले भाँडामा लिई विगत २०८० कार्तिक देखि भाँडा समेत नदिई संपर्क बिहिन रहनु भएकोमा २०८१ बैशाख ०६, बिहिवार खालि नगर्नु पर्ने कारण देखाऊ सहित १५ दिने सार्वजनिक सूचना जारि भएको ६ महिना नाधि सक्दा पनि सम्पर्कमा नआउनु भएकोले अब भाँडाको हिसाबहरू राफसाफका लागि अन्तिम पटकको यो ३५ दिने सूचनाद्वारा जानकारि गराईन्छ । अन्यथा घर बहाल निर्देशिका २०७९ बमोजिम तपाईंले छोड्नु भएको जायजेथा सरसामाग्रिहरू लिलाम बिक्रि गरि घर भाँडा असुल उपर गरिने व्यहोरा जानकारी गराउन यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

**सम्बुद्ध बचत तथा ऋण सहकारी संस्था लि.**
गोकर्णेश्वर न पा ५ ,जोरपाटी, काठमाडौं
फोनः ४९११६२९, ४९११६३४
Email : sambuddha.sahakari2066@gmail.com

**पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धि सूचना**

यस संस्थाको मिति २०८१।०८।९ गते बसेको संचालक समितिको १४८औं बैठकको निर्णयानुसार संस्थाको पन्ध्रौं वार्षिक साधारणसभा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा देहाय बमोजिम बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ पौष २० गते शनिवार ।
**समय :** विहान ८:०० बजे ।
**स्थान :** संस्थाको कार्यालय परिसर ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट श्री अध्यक्षज्यूद्वारा प्रस्तुत बार्षिक प्रतिबेदन उपर छलफल तथा पारित गर्ने ।
२. कोषाध्यक्षज्यूबाट प्रस्तुत आ.ब. २०८०/८१ को आर्थिक तथा लेखापरिक्षण प्रतिबेदन पेश र आ.ब. २०८१/८२ को प्रस्ताबित बजेट कार्यक्रम उपर छलफल एवं पारित गर्ने ।
३. लेखा समितिको प्रतिबेदन प्रस्तुत ।
४. आ.ब. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
५. आ.ब. २०८०/८१ को संचालक समितिको निर्णयहरु अनुमोदन गरि स्विकृति गर्ने सम्बन्धमा ।
६. संस्था एकिकरण (मर्जर) सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि संचालक समिति र शेयर सदस्यबाट प्रतिनिधि नियुक्त गर्ने ।
८. बिबिध ।

**संचालक समितिको आज्ञाले,**
**अध्यक्ष**




*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको बौद्ध क्षेत्रमा भारतीय पर्यटकहरू । नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार नेपाल भ्रमण गर्ने पर्यटकमा भारतीय धेरै छन् ।**

# सूर्य नेपाल काठमाडौं ओपन मंगलवारदेखि




**अभियान संवाददाता**

काठमाडौं

सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपन मंगलवार (आज) देखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदै छ ।

७२ होलको चारदिने प्रतियोगितामा ३३ प्रोफेसनल र १२ एमेच्योर गरी ४५ खेलाडीले प्रतिस्पर्धा गर्ने सूर्य नेपालले जनाएको छ । प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ३५ हजार रुपैयाँ नगद रहेको नेपाल प्रोफेसनल गल्फर्स संघका महासचिव दिपक आचार्यले जानकारी दिए ।

विजेताले १ लाख ५० हजार, दोस्रो र तेस्रो हुने खेलाडीले क्रमशः ८५ हजार र ६८ हजार रुपैयाँ नगद पुरस्कार हात पार्ने बताइएको छ । चौथो हुनेले ५५ हजार र पाँचौं हुनेले ४८ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । ३६ होलको समाप्तिमा कट लागू हुने र उत्कृष्ट २१ प्रोफेसनल गल्फर तथा प्रो-कट बनाउने एमेच्योरले अन्तिम दुई दिनको लागि स्थान बनाउने विज्ञप्तिमा उल्लेख छ । कट बनाउने सबै प्रो गल्फरले नगद पुरस्कार हात पार्नेछन् ।

डिफेन्डिङ च्याम्पियन निरज तामाङ, नेपाल नम्बर एक प्रो भुवन नगरकोटी, रवि खड्का र दिनेश प्रजापति प्रमुख दावेदार खेलाडी रहेको र उनीहरूलाई पछिल्लो प्रतियोगिताको विजेता एमेच्योर खेलाडी राहुल विश्वकर्मा र नेपाल नम्बर एक एमेच्योर सद्भाव आचार्यले कडा चुनौती दिने अनुमान गरिएको विज्ञप्तिमा उल्लेख छ। नेपाल प्रोफेसनल गल्फर्स संघका अध्यक्ष रविन्द्रमान श्रेष्ठले यो प्रतियोगितामा खेलाडीहरूको प्रभावशाली स्कोर आउनेमा विश्वस्त रहेको बताए । उनले प्रायोजक सूर्य नेपाललाई निरन्तर सहयोगको लागि धन्यवाद दिएका छन् ।

# नबिल बैंकले शुरू गर्‍यो अपोइन्टमेन्ट बैंकिङ सेवा

काठमाडौं (अस) । नबिल बैंक लिमिटेडले अपोइन्टमेन्ट बैंकिङ सेवा शुरू गरेको छ । आफ्ना ग्राहकको सुविधालाई ध्यानमा राखेर व्यस्त समयको व्यवस्थापन गरी चुस्त सेवा दिन यस्तो प्रणाली शुरू गरिएको बैंकले जनाएको छ । तत्कालका लागि काठमाडौंको तीनधारास्थित बैंकको केन्द्रीय कार्यालयबाट यो सेवा दिन थालिएको छ ।

प्रविधिको प्रयोगमार्फत थप छरितो र कुशल सेवा प्रदान गर्न यो प्रणाली शुरू गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए । 'हामी ग्राहकको चाहनालाई महसूस गर्दै नवीन समाधान प्रदान गर्न प्रतिबद्ध छौं । अपोइन्टमेन्ट बैंकिङ प्रणालीले समय व्यवस्थापनमा सहयोग गर्ने, कुशल सेवा उपलब्ध गराउने हाम्रो लक्ष्यलाई प्रतिविम्बित गर्दछ,' उनले भने ।

बैंकले व्यस्त पेशाकर्मी तथा व्यवसायीलाई लक्षित गरी नवीनतम प्रविधिमा आधारित यो प्रणालीको शुरुआत गरेको जनाएको छ । यो प्रणालीको प्रयोग गरेर ग्राहकले आफूले चाहेको समय अर्थात् आफूले बुक गरेको समयमा बैंकबाट सेवा लिन सक्नेछन् । नगद र चेक कारोबार जस्ता अत्यावश्यक बैंकिङ सुविधाका लागि यो प्रणालीको प्रयोग गर्न सकिने बैंकले जनाएको छ।

यस प्रणालीबाट ग्राहकले बैंकको वेबसाइट वा एनबैंक एपमार्फत सजिलै अपोइन्टमेन्ट बुक गर्न सक्ने व्यवस्था गरिएको छ। ग्राहकले बैंकमा जानुअघि उल्लिखित प्लेटफर्ममार्फत लिनुपर्ने सेवा र आफूलाई सहज हुने समय छनोट गर्ने सुविधा दिइएको छ। नबिल बैंकले २४ लाखभन्दा बढी सेवाग्राहीलाई देशभरका २ सय ६८ शाखा र ३ सय २० एटिएमबाट सेवा प्रदान गर्दै आएको छ ।

# ८२ लाख लागतमा सडकको स्तरोन्नति

म्याग्दी । म्याग्दीको पुलाचौरमा पाँच किलोमिटर सडक ८२ लाख रुपैयाँ लागतमा पक्की बनाइएको छ । बेनी-अर्थुंगे-बाँसबोटसम्म पाँच किलोमिटर खण्डमा कालोपत्र र ढलान भएको हो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीका अनुसार यो सडक स्तरोन्नतिका लागि रू. एक करोड ८० लाख विनियोजन भएको थियो । बाँसबोटमा ३३० मिटर सडक प्रिमिक्स कालोपत्र र एक सय मिटर ढलान भएको छ । एकपाटे, अबेचौर र पुरुण्डी क्षेत्रमा ४ सय मिटर ढलान र बेनीको हुलाकचोकदेखि संगमचोकसम्मको १३० मिटर सडक प्रिमिक्स कालोपत्र भएको छ । बेनी-पाखापानी सडक योजनामा विनियोजन भएको तीन करोड बजेटमध्ये एक करोड ५० लाखको लागतमा कुरिलाखर्क र अर्थुंगेको घुम्तीमा स्तरोन्नति गरिने नगरप्रमुख केसीले बताए । *राසस*

**VACANCY ANNOUNCEMENT**

(First Date of Publication: 2081/08/25)

The Institute of Chartered Accountants of Nepal (ICAN) is an Autonomous Body established under a Separate Act, the Nepal Chartered Accountants Act, 1997, solely authorized to provide education, guidance, control and supervision of the Accounting Profession in Nepal and to enhance social recognition and faith in the Accounting Profession by raising public awareness towards economic and social responsibility of Accountants to contribute towards economic development of the country. The Institute seeks application from qualified and interested Nepalese Citizens on a contractual basis for the following positions:

| S.No | Position | Required No | Qualifications and Experience | Role |
|---|---|---|---|---|
| 1 | Deputy Director | 2 | Chartered Accountant from any recognized Institute having membership of ICAN and minimum of 5 years post membership experience in related field. | Deputy Director (1) :<br>• To direct, control and supervise the functions, progress and delivery of the Supervision and Regulation Directorate.<br>• To evaluate the effectiveness of ICAN's regulative functions on a continuing basis and identify and implement measures for improvement.<br>Deputy Director (2) :<br>• To direct, control and supervise the functions, progress and delivery of the Education Division under the Center of Excellence Directorate.<br>• To introduce innovations in the field of CA Education and ensure its syllabus and education system comply with IES standards, and also ensure effectiveness in operation of the Education Program of the Institute. |
| 2 | Senior Officer | 2 | Chartered Accountant from any recognized Institute having membership of ICAN. | • To perform Quality Assurance Review of Audit Firms<br>• To perform other operational level functions related to supervision and regulation of Accounting Profession |

**Personal and Professional Qualities Expected for all Positions:**

- To be conversant with the applicable Auditing Standards, Accounting Standards, Code of Ethics and prevailing legal requirements for audit, assurance, and all other professional practices.
- To demonstrate excellent communication and interpersonal skills.
- To possess capability to have an attention to detail attitude including synthesizing an overall impact.
- To put efforts to add value to ICAN's reputation and its Brand Image and ensure all actions are always directed towards the same.

Age Limit: a) 21 years of age not exceeding 35 Years for Senior Officer on last date of submission of application.
b) 21 years of age not exceeding 45 Years for Deputy Director on last date of submission of application.

Interested and qualified candidates are requested to submit application through online via https://en.ican.org.np/site/show/career & should include their updated CV and other testimonial of qualifications, knowledge, skills and experience as mentioned in the CV by 9th Poush, 2081 (24th December, 2024). Short listed candidates shall be subjected to further selection process.

The Institute reserves the right to accept or reject the application without assigning any reason, whatsoever. Canvassing any stage of the process shall lead to automatic disqualification.

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act, 1997)
ICAN Marg, Satdobato, Lalitpur
Post Box No.: 5289, Tel.: 5430730, 5430832
Web: http:/ /www.ican.org.np, Email: ican@ntc.net.np

**नबिल बैंक लिमिटेड, नारायणगढ शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मिति : २०८१/०८/२५)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/११/१३ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **नारायणगढ शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

**तपसिल**

१

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा अपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०४/०७ मा दर्ता नं. २६५११०/०७८/०७९ अन्तर्गत दर्ता भएको **जे.पी. मोटो कर्प प्रा. लि ।**
ठेगानाः चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १०, हाकिमचोक, काठमाडौं ।

**कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. शिव भक्त श्रेष्ठको नाति विश्व मित्र श्रेष्ठको छोरा चितवन जिल्ला गर्दी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०९ बस्ने, ना.प्र.नं.१४०७/०४४ (जारी मितिः २०६१/०९/१९, स्थान चितवन) भएका **प्रतिक श्रेष्ठ ।**
२. हिरा मनि महतोको नाति कमलु महतोको छोरा चितवन जिल्ला गर्दी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ३५०३६६५० (जारी मितिः २०६४/०६/१०, स्थान चितवन) भएका **जेम्स महतो ।**
३. आसई महतोको नाति गेभो महतोको छोरा चितवन जिल्ला रत्ननगर गा.वि.स वडा नं. ०३ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ६०३७ (जारी मितिः २०४४/०४/२०, स्थान चितवन) भएका **मन्नु महतो ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
चितवन जिल्ला गर्दी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. ०९ बस्ने, **प्रतिक श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स वडा नं. ८ सिट नं ८ख मा अवस्थित कि.नं. ७९८ र ८०१ क्षेत्रफल ०-६-५-० र ०-३-१५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**धितोमा रहेको सवारी साधनको विवरणः**
१. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०५९८ को Maruti Wagon R ZXI 1.2L .
२. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १५५१ को Maruti Vitara Brezza ZXI+ 1.5L .
३. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १५२६ को Maruti Vitara Brezza ZXI+ 1.5L .
४. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०८१०को Maruti Vitara Brezza ZXI+ 1.5L .
५. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १०२२ को Maruti Vitara Brezza ZXI+ 1.5L .
६. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०६७३ को Maruti Suzuki Eeco Cargo .
७. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १९०४को Maruti Suzuki Eeco Cargo .
८. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १८९३ को Maruti Suzuki Eeco Cargo .
९. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च २२२०को Maruti Vitara Brezza ZXI+ 1.5L .
१०. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०४२८ को Maruti Vitara Brezza ZXI+ 1.5L .
११. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०६७१ को Maruti S-PRESSO VXI+ .
१२. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १५४४को Maruti Vitara Brezza ZXI+ 1.5L .
१३. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०४२० को Maruti Vitara Brezza ZXI+ 1.5L .
१४. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १०१९को Maruti Vitara Brezza ZXI+ 1.5L .
१५. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०६७०को Maruti Suzuki Eeco Cargo.
१६. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च १०१५को Maruti Vitara Brezza ZXI+ 1.5L.
१७. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०६७२ को Maruti S-PRESSO VXI+.
१८. ऋणी **जे.पी. मोटो कर्प प्रा. लि.** तथा धनी यस बैंक भएको निजी सवारी साधन दर्ता नं. बाग्मति प्रदेश -०१ ०२६ च ०६६० को Maruti Suzuki Eeco Cargo.

२

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/१२/०७ मा दर्ता नं. १६५७३९/०७३/०७४ अन्तर्गत दर्ता भएको **जे.पि. अटो सोलुशन प्रा. लि ।**
ठेगानाः चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १०, हाकिमचोक, काठमाडौं ।

**कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. हिरा मनि महतोको नाति कमलु महतोको छोरा चितवन जिल्ला गर्दी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ३५०३६६५० (जारी मितिः २०६४/०६/१०, स्थान चितवन) भएका **जेम्स महतो ।**
२. आसई महतोको नाति गेभो महतोको छोरा चितवन जिल्ला रत्ननगर गा.वि.स वडा नं. ०३ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ६०३७ (जारी मितिः २०४४/०४/२०, स्थान चितवन) भएका **मन्नु महतो ।**

**धितोको विवरण**

चितवन जिल्ला गर्दी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १० बस्ने, **जेम्स महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स वडा नं. ४ सिट नं ४ मा अवस्थित कि.नं. ५० क्षेत्रफल ०-३-०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नारायणगढ शाखा, चितवन**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/०९ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **नारायणगढ शाखा, चितवन**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/११ गते ३:०० बजे बैंकको **नारायणगढ शाखा, चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौ** वा **नारायणगढ शाखा, चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

विज्ञापन बीसौं शताब्दीको कलाको सबैभन्दा ठूलो स्वरूप हो ।
- मार्शल म्याक्लुहान

सम्पादकीय

# घरेलु मदिरामा विरोधाभास

संघीय सरकारले ल्याएको चालू आर्थिक वर्षको बजेटमा घरेलु मदिरा उत्पादन, ब्रान्डिङ, बजारीकरण तथा विक्री गर्न कानूनी व्यवस्था मिलाउने भनी घोषणा गरिए पनि अहिले सरकार यसको उत्पादन र विक्रीमा कडाइ गर्न लागेको छ । यसलाई कानूनी नियमनमा ल्याउने कुरा बताएको सरकारको व्यवहारचाहिँ ठिक उल्टो देखिन्छ । यसले सरकारको कथनी र करनीमा विरोधाभास देखाउँछ ।

मदिरा ऐन–२०३१ ले घरेलु मदिरालाई वैधानिक मान्यता दिएको छैन । त्यसैले यसको उत्पादन र प्रयोग गैरकानूनी हो । यही गैरकानूनी उत्पादन रोक्न सरकारले बल प्रयोग गर्ने गरेको छ र शान्तिसुरक्षामा खटिने सुरक्षाकर्मीको समय घरेलु रक्सी खोजेर नष्ट गर्नुमा बितेको छ । सरकारले जति नै प्रयास गरे पनि यसको उत्पादन र उपभोगमा कमी आएको छैन । हो, घरेलु मदिरा कतिपय अवस्थामा विषालु भएर कतिपयको ज्यान गएको पनि पाइन्छ । यसो हुनुमा घरेलु मदिरा उत्पादनको निमयन नहुनु हो । त्यसमा प्रयोग हुने कच्चा पदार्थ जे पायो त्यही प्रयोग गर्ने, सस्तोमा उत्पादनका लागि युरिया आदि अखाद्य वस्तुको प्रयोग गर्ने आदि कारणले मदिरा विषाक्त हुन पुगेको हो । अन्यथा नेपाली घरेलु मदिराको उत्पादन निकै परम्परागत रहेको छ र त्यो मदिराको अलग पहिचान पनि छ । मदिराका पारखीहरूका लागि यो अलग स्वाद मन परेको पनि पाइन्छ । तर, सरकारले यसको उत्पादनमा रोक लगाउँदा विकृति थपिएर गुणस्तरहीन मदिरा उत्पादन र विक्री भइरहेको पाइन्छ ।

सरकारले घरेलु मदिरा उत्पादनलाई गैरकानूनी भनेर प्रतिबन्ध लगाए पनि सर्वोच्च अदालतले केही वर्षअघि संस्कारजन्य कार्यका लागि एक परिवारले वर्षमा ३० लिटरसम्म घरेलु मदिरा उत्पादन गर्न पाउने फैसला गरेको थियो । यद्यपि व्यावसायिक उत्पादन र विक्रीवितरणका लागि घरेलु मदिरा वर्जित छ । घरेलु मदिरालाई

**सरकारले कानूनले दिँदैन भनेर घरेलु मदिरा नष्ट गर्दै जाने होइन । घरेलु मदिराको उत्पादन र विक्रीवितरणलाई कसरी नियमनको दायरामा ल्याउने हो त्यसतर्फ लाग्नुपर्छ ।**

ब्रान्डिङ गर्न सकिनेबारेमा एक स्वतन्त्र अनुसन्धानसमेत भएको थियो । गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने देखिन्छ । विकसित देशहरूले पनि आफ्नो स्थानीय मदिरालाई ब्रान्डिङ गरिरहेका छन् । नेपालको स्थानीय शीप, प्रविधि र पहिचानसँग जोडिएको घरेलु मदिरालाई करको दायरामा ल्याएर बजारीकरण गर्नु जरूरी । नेपाल घुम्न आउने विदेशी पाहुनालाई पनि घरेलु मदिरा चखाउने वातावरण बनाउनुपर्छ ।

घरेलु मदिरालाई ब्रान्डिङ गर्ने बारे प्रदेश सरकार र केही स्थानीय सरकारले पनि चासो दिएको पाइन्छ तर त्यसका लागि ठोस काम भने गरेको पाइँदैन । घरेलु मदिरामा रोक लगाउने संघीय कानूनमा सुधार नल्याई यसको ब्रान्डिङ गर्न सकिँदैन ।

अहिले सरकार घरेलु मदिरामा कडिकडाउ गर्न लाग्नुमा कर एउटा कारण देखिन्छ । घरेलु मदिराबाट सरकारले कत्ति पनि कर पाउँदैन भने स्वदेशी वा विदेशी मदिरामा उच्च दरको कर लगाइएकाले सरकारले अन्तःशुल्क र भन्सार शुल्क ठूलो परिमाणमा उठाइरहेको छ । घरेलु मदिराका कारण यी मदिराको विक्री घटेमा सरकारको आमदानी घट्छ । व्यवसायीको भनाइमा अहिले यस्तो मदिराको बजार घटेको छ । नेपाली मदिरा उद्योगको उत्पादन पनि घटेको छ । घरेलु मदिरामा कडाइ गरे यस्ता मदिराको बजार बढ्न सक्छ ।

सरकारले कानूनले दिँदैन भनेर घरेलु मदिरा नष्ट गर्दै जाने होइन । घरेलु मदिराको उत्पादन र विक्रीवितरणलाई कसरी नियमनको दायरामा ल्याउने हो त्यसतर्फ लाग्नुपर्छ । त्यसका लागि यसलाई ब्रान्डिङ गरिनुपर्छ । बजारीकरण गरिनुपर्छ । त्यसो भएमा यसको गुणस्तर कायम हुन्छ । अनेक अखाद्य वस्तु मिसाएर घरेलु मदिरा उत्पादन गर्ने काम पनि कम हुन्छ । सरकारले जति नै कडाइ गरे पनि यसको उत्पादन रोक्न सक्दैन भने त्यसको उत्पादनका लागि कानूनी व्यवस्था गरिनु उपयुक्त हुन्छ । यसलाई नियमनको दायरामा ल्याउँदा सरकारले करसमेत प्राप्त गर्न सक्छ तर यसमा विशेष सावधानी भने अपनाउनुपर्छ । जथाभावी उत्पादन गर्न दिनचाहिँ रोक लगाउनु आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## विधिको शासनमा नेपाल दक्षिण एशियामै दोस्रो

विधिको शासनमा नेपाल दक्षिण एशियाली क्षेत्रमा दोस्रो रहेको एक अन्तरराष्ट्रिय अध्ययनले देखाएको छ । गत हप्ता प्रकाशित वर्ल्ड जस्टिस प्रोजेक्ट (डब्ल्यू जे सी ) को 'रुल अफ ल इण्डेक्स २०१२'ले न्यायसेवामा पहुँचको प्रत्याभूति गर्ने ९७ मुलुकमध्ये नेपाल ८३ औं स्थानमा रहेको देखाएको छ । दक्षिण एशियामा श्रीलङ्का नेपालभन्दा अघि रहेको डब्ल्यूपीजेले गत बुधवार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । प्रतिवेदनले सुरक्षा र फौजदारी न्यायका क्षेत्रमा नेपाल सबल रहेको पनि बताएको छ ।

प्रतिवेदनले न्यायका आठ क्षेत्रको अध्ययन गरी मुलुकहरूको वरीयता नाप्ने गर्छ, सरकारको शक्तिको सीमा, भ्रष्टाचार, सुरक्षा, नैसर्गिक अधिकार, सरकारको पारदर्शिता, नियमकानूनको कार्यान्वयन, देवानी र फौजदारी न्याय रहेका छन् । दक्षिण एशिया तथा निम्न आय भएका मुलुकहरूमध्ये नेपालको स्थिति राम्रो रहेको प्रतिवेदनले पुष्टि गरेको छ । फौजदारी न्यायमा नेपाल निम्न आय भएका मुलुकहरूमा पहिलो र दक्षिण एशियामा दोस्रो रहेको छ भने नैसर्गिक अधिकारको रक्षामा निम्न आय भएका मुलुकमध्ये तेस्रो र यस क्षेत्रमा दोस्रो रहेको छ ।

वर्ष ८, अंक ७६, मंगलवार १९ मङ्सिर, २०६९

# समृद्धिको त्रिभुज : चीन, भारत र नेपाल

## ठूला अर्थतन्त्रका बीच रहेर पनि नेपाल किन विपन्न ?



**कुनै एक व्यक्ति, प्रधानमन्त्री वा दल मात्र देशभक्त भएर पर्याप्त हुँदैन । समृद्धिका लागि सिंगो समाज नै देशभक्त हुनुपर्छ । समाजले नै हित अहितका बारेमा विश्लेषण गर्ने क्षमता राख्नुपर्छ ।**

- कृष्णराज बजगाईं

नेपाल बैंक लिमिटेडको स्थापना विक्रम संवत् १९९४ साल कात्तिक ३० गते लक्ष्मीपूजाको दिन भएको हो । उक्त बैंक स्थापना गर्ने सिलसिलामा तत्कालीन श्री ३ महाराज तथा प्रधानमन्त्री जुद्ध शमशेरको निर्देशन यहाँ उल्लेखनीय देखिन्छ । उनले निर्देशन दिँदै भनेका थिए, मलाई बैंकको सैद्धान्तिक पक्षका बारेमा जानकारी छैन परन्तु म यो जान्दछु कि आजको विश्वको सफलतम देश बेलायत हो र बेलायतका बैंकहरू जुन ढाँचा र गुणस्तरमा सञ्चालन भइरहेका छन् हाम्रो बैंक पनि सोही ढाँचा र गुणस्तरमा सञ्चालन हुनुपर्छ, साधनस्रोतको चिन्ता नगर्नु । जुद्ध शमशेरले झैं भारत र चीनका शासकहरूले पनि विश्वका सफलतम मुलुकका उदाहरण आफूले लागू गरे र सफल हुन पुगे । नेपालमा यो अभ्यास भित्रिन नसक्दा हामीले अपेक्षित गति समाल्न सकेका छैनौं जुन यथार्थलाई यहाँ प्रस्तुत तथ्यांकले आफै पुष्टि गर्छ ।

सन् १९८० मा नेपालको कुल गार्हस्थ्य उत्पादन चीनको तुलनामा शून्य दशमलव ७५ प्रतिशत थियो भने भारतको तुलनामा १ दशमलव २१ प्रतिशत थियो । परन्तु, सन् २०२४ सम्म आई पुग्दा यो अंश क्रमशः शून्य दशमलव २ प्रतिशत र शून्य दशमलव ७ प्रतिशतमा सीमित हुन गएको छ ।

सारांशमा भन्नुपर्दा भारतको गतिमा हिँड्ने जाँगर नगर्दा नेपालले करीब ३२ अर्ब अमेरिकी डलर र चीनको गतिमा हिँड्ने जाँगर नगर्दा नेपाल करीब १३९ अर्ब अमेरिकी डलर बराबरको कुल गार्हस्थ्य उत्पादन गुमाउनु परेको छ । यदि चीन र भारतको गतिलाई मात्र समात्न सकेको भए सन् २०२४ मा नेपालको कुल गार्हस्थ्य उत्पादन क्रमशः १८३ अर्ब अमेरिकी डलर र ७६ अर्ब अमेरिकी डलर पुग्ने निश्चित थियो । यसरी नेपालले आलस्यका कारण चीनसँग तुलना गर्दा करिब १३९ अर्ब अमेरिकी डलर र भारतसँग तुलना गर्दा करीब ४२ अर्ब अमेरिकी डलर गुमाउनु परेको छ ।

भारतको आर्थिक वृद्धिको चर्चा गर्दा विशेष गरी भारतमा सन् १९९० को आर्थिक सुधार र सन् १९९३ पश्चात्को राजनीतिक अस्थिरता अर्थात् सरकारले आफ्नो कार्यकाल पूरा अवधि व्यतीत गर्न पाउनु प्रमुख कारण मानिएको छ । सन् १९९० को आर्थिक सुधारलाई आधार मान्दै भारतको राजनीतिक नेतृत्व अहिलेसम्म पनि पूँजी र पूँजीपतिमार्फत रोजगार सृजना र आर्थिक समृद्धि प्राप्त गर्ने नीतिमा अडिग रहेका देखिन्छन् । पीभी नरसिंह रावको सरकार सन् १९९३ देखि १९९६ सम्म स्थिर रहँदा यस अवधिमा भारतको कुल गार्हस्थ्य उत्पादनमा करीब ११४ अर्ब अमेरिकी डलरको वृद्धि भएको देखिन्छ । यस्तै भारतमा राजनीतिक स्थिरताको युग सन् १९९८ बाट शुरू भएको मानिन्छ अटलविहारी बाजपेयीले पूरै ५ वर्ष सरकार सञ्चालन गरेसँगै । यस अवधिबाट भारतका आर्थिक वृद्धिको नयाँ अध्यायसमेत शुरू भएको विश्वास गरिन्छ । बाजपेयी सरकारले कार्यारम्भ गरेको वर्ष ४२१ अर्ब अमेरिकी डलरको भारतको कुल गार्हस्थ्य उत्पादन उनले सरकार हस्तान्तरण गर्ने समयमा यसमा २९३ अर्ब डलरको वृद्धि भएको देखिन्छ । यस्तै सन् २००४मा डा. मनमोहन सिंह प्रधानमन्त्री हुँदा रहेको ७ सय ९ अर्ब अमेरिकी डलर बराबर रहेको भारतको कुल गार्हस्थ्य उत्पादन उनको पहिलो कार्यकाल सम्पन्न हुँदा यसमा ६३३ अर्ब अमेरिकी डलरले वृद्धि भई १ हजार ३४२ अर्ब अमेरिकी डलर पुगेको देखिन्छ । यस्तै, उनको दोस्रो कार्यकाल सम्पन्न हुने समयमा भारतको कुल गार्हस्थ्य उत्पादन २ हजार ३९ अर्ब अमेरिकी डलरबराबर पुग्न गएको देखिन्छ । वर्तमान भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो कार्यकालमा भारतको कुल गार्हस्थ्य उत्पादनमा ७९६ अर्ब अमेरिकी डलरले वृद्धि भएकोमा उनको दोस्रो कार्यकालमा सो आँकडामा १ हजार ५४ अर्ब

**हाल नेपाल, भारत र चीनको गरी कुल २२ खर्ब (२ दशमलव २ निल) अमेरिकी डलर बराबरको अर्थतन्त्रबाट वेष्टित रहेको छ भने सन् २०२९ सम्म नेपाल ३० खर्ब (३ निल) अमेरिकी डलर बराबरको अर्थतन्त्रबाट वेष्टित रहने देखिन्छ ।**

अमेरिकी डलर वृद्धि भई सन् २०२४ मा भारतको कुल गार्हस्थ्य उत्पादन ३ हजार ८ सय ८९ अर्ब अमेरिकी डलर पुग्न गएको छ । अन्तरराष्ट्रिय मुद्राकोषको प्रक्षेपणअनुसार सन् २०२९ सम्म भारतको कुल गार्हस्थ्य उत्पादन ६ हजार ३०७ अर्ब अमेरिकी डलर पुग्नेछ ।

सन् १९८० अर्थात् चीनले खुल्लापन शुरू गरेको सन् १९७८ पछिको २ वर्षमा चीनको कुल गार्हस्थ्य उत्पादन ३०३ अर्ब अमेरिकी डलरको आकारमा रहेको सन्दर्भमा यस ४४ वर्षमा उक्त आँकडामा करीब ६० गुणाले वृद्धि भई सन् २०२४ मा १८ हजार २७३ अर्ब अमेरिकी डलर बराबर पुगेको छ । सो आँकडामा ८१ गुणाले वृद्धि सन् २०२९ मा २४ हजार ५९० अमेरिकी डलर पुग्ने देखिन्छ ।

भारत र चीनको चामत्कारिक आर्थिक वृद्धिका पछाडि शास्त्रीय रूपमा अनेकौं अनुसन्धान कृतिहरू तयार गर्न सकिन्छन् । परन्तु यी दुई देशले प्राप्त गरेका आर्थिक समृद्धिका पछाडि देशभक्तियुक्त नेतृत्व समूह, पूँजी र पूँजीपतिको सम्मान र संरक्षण, व्यावहारिक लक्ष्य निर्धारण र त्यस लक्ष्यप्रति जवाफदेहिताको सृजना र हरेक क्षेत्रमा अमेरिकीस्तरको मापदण्डहरूको विकास प्रमुख कारततत्वका रूपमा रहेको देखिन्छ ।

सारमा भन्नुपर्दा हाल नेपाल, भारत र चीनको गरी कुल २२ खर्ब (२ दशमलव २ नील) अमेरिकी डलर बराबरको अर्थतन्त्रबाट वेष्टित रहेको छ भने सन् २०२९ सम्म नेपाल ३० खर्ब (३ नील) अमेरिकी डलर बराबरको अर्थतन्त्रबाट वेष्टित रहने देखिन्छ । कुनै समय दुई ढुंगाबीचको तरूलको रूपमा ख्याति पाएको नेपाल हाल ३ नीलको अर्थतन्त्रबीचको दीनहीन मुलुकको रूपमा चित्रित हुने अवस्था सृजना भएको छ ।

नेपालको सन्दर्भमा उपर्युक्त चारओटा क्षेत्र ( देशभक्तियुक्त नेतृत्व समूह, पूँजी र पूँजीपतिको सम्मान र संरक्षण, व्यावहारिक लक्ष्य निर्धारण र उक्त लक्ष्यप्रति जवाफदेहिताको सृजना र हरेक क्षेत्रमा अमेरिकीस्तरको मापदण्डहरूको विकास) मा रहेको कमीका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न सकिएको छैन । नेपाल आर्थिक विकासको गति समात्न सुधार गर्नुपर्ने क्षेत्रहरू पनि यिनै हुन् । र यसको शुरुआत पूँजी र पूँजीपतिको सम्मान र संरक्षणबाट गरिनुपर्छ । व्यावहारिक लक्ष्य निर्धारण गरिनुपर्छ र ती लक्ष्यसँगै जवाफदेहिता पनि सृजना हुन आवश्यक छ । नेपाल व्यापार एकीकृत रणनीतिका दुईओटा संस्करणहरूको असफलताले नेपालमा लक्ष्य कसरी निर्धारण हुन्छन् र जवाफदेही विहीनताको चरम अभ्यास कसरी भइरहेको छ भन्ने लक्ष्य र जवाफदेहिताबीच नेपालमा साइनोसमेत स्थापना भएको छैन भन्ने अनुभूति हुन पुगेको सन्दर्भमा लक्ष्य र जवाफदेहिताको सम्बन्ध स्थापना गर्नु दोस्रो प्राथमिकतामा पर्छ । कि लक्ष्य निर्धारण नै नगर्नु लक्ष्य निर्धारण गरिसकेपछि त्यसका सबै अंग पुऱ्याएर लक्ष्य निर्धारण गर्नुपर्छ । तर, लक्ष्य निर्धारण गरिसकेपछि सफलताका लागि उत्प्रेरणा र असफलताका लागि दण्डको व्यवस्थाविना लक्ष्य प्राप्तिको दिशा तय कसरी हुन सक्छ र ?

यस्तै देशभित्रका मादण्डहरू कस्ता हुनुपर्छ, मोडल कस्तो हुनुपर्छ, संस्थाहरू कसरी सञ्चालित हुनुपर्छ, पूर्वाधारहरू कस्तो हुनुपर्छ भन्ने विषयमा थप गृहकार्य गरिरहनुपर्ने आवश्यकता नै छैन । उदाहरणका लागि क्वारेन्टाइन अफिस कस्तो हुनुपर्छ, कसरी सञ्चालन हुनुपर्छ भन्ने विषयमा संयुक्त राज्य अमेरिकाको क्वारेन्टाइन अफिस जस्तो र जसरी सञ्चालन भइरहेको छ सोही अनुसार विकास गरे भइहाल्छ । त्यसका धेरै ठूलो माथापिच्ची र बहस गर्नुको आवश्यकता नै छैन । सडक कस्तो हुनुपर्छ, भन्सार कस्तो हुनुपर्छ, प्रक्रियाहरू कस्ता हुनुपर्छ, गुणस्तर कस्तो हुनुपर्छ, गुणस्तरको अनुगमन कसरी गर्नुपर्छ, पूँजी र पूँजीपतिको संरक्षण कसरी गर्नुपर्छ, मजदूरहरूको हित रक्षा कसरी गर्नुपर्छ भन्ने विषयमा अमेरिकी मापदण्ड र अभ्यासलाई अनुकरण गर्न कसले रोकेको छ र ?

परन्तु उपर्युक्त कार्यहरू सम्पन्न गर्न देशभक्तियुक्त नेतृत्व समूहको आवश्यकता रहन्छ । कुनै एक व्यक्ति, एक जना प्रधानमन्त्री वा दल मात्र देशभक्त भएर पर्याप्त हुँदैन । यसका लागि सिंगो समाज नै देशभक्त हुनुपर्छ । समाजले नै हित अहितका बारेमा विश्लेषण गर्ने क्षमता राख्नुपर्दछ । प्रजा, श्रेष्ठी (उद्यमी) र नायकहरू यी तीनपक्षमा देशभक्ति भएपछि मात्र देश समृद्ध हुन्छ । भारत र चीनमा यी तीनओटै पक्षमा देशभक्तिको भावना प्रबल छ र आर्थिक वृद्धि पनि चामत्कारिक रूपको छ ।

*लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत हुन् ।*


### नेपाल, चीन र भारतको कुल गार्हस्थ उत्पादन

(मूल्य अर्ब अमेरिकी डलर)

| वर्ष | चीन | भारत | | वर्ष | चीन | भारत | नेपाल |
|---|---|---|---|---|---|---|---|
| १९८० | ३०३ | १८६ | २ | २००५ | २,२९० | ८२० | ९ |
| १९८१ | २८९ | १९३ | ३ | २००६ | २,७५४ | ९४० | १० |
| १९८२ | २८५ | २०० | ३ | २००७ | ३,५५६ | १,२१७ | १२ |
| १९८३ | ३०५ | २१८ | ३ | २००८ | ४,५७७ | १,१९९ | १४ |
| १९८४ | ३१४ | २१२ | ३ | २००९ | ५,०८९ | १,३४२ | १५ |
| १९८५ | ३१० | २३४ | ३ | २०१० | ६,०३४ | १,६७६ | १८ |
| १९८६ | ३०१ | २४८ | ३ | २०११ | ७,४९२ | १,८२३ | २२ |
| १९८७ | ३२८ | २७९ | ४ | २०१२ | ८,५४० | १,८२८ | २२ |
| १९८८ | ४०९ | २९४ | ४ | २०१३ | ९,६२५ | १,८५७ | २२ |
| १९८९ | ४५८ | २९६ | ४ | २०१४ | १०,५२४ | २,०३९ | २३ |
| १९९० | ३९७ | ३२१ | ४ | २०१५ | ११,११४ | २,१०४ | २४ |
| १९९१ | ४१३ | २७० | ५ | २०१६ | ११,२२७ | २,२९५ | २५ |
| १९९२ | ४९२ | २८८ | ४ | २०१७ | १२,२६५ | २,६५१ | २९ |
| १९९३ | ६१७ | २७९ | ५ | २०१८ | १३,८४२ | २,७०३ | ३३ |
| १९९४ | ५६२ | ३२७ | ५ | २०१९ | १४,३४१ | २,८३६ | ३४ |
| १९९५ | ७३१ | ३६० | ५ | २०२० | १४,८६३ | २,६७५ | ३३ |
| १९९६ | ८६० | ३९३ | ६ | २०२१ | १७,७५९ | ३,१६७ | ३७ |
| १९९७ | ९५८ | ४१६ | ६ | २०२२ | १७,८४९ | ३,३५३ | ४१ |
| १९९८ | १,०२४ | ४२१ | ६ | २०२३ | १७,७५८ | ३,५६८ | ४१ |
| १९९९ | १,०८८ | ४५९ | ६ | २०२४ | १८,२७३ | ३,८८९ | ४४ |
| २००० | १,२०६ | ४६८ | ७ | २०२५ | १९,५३५ | ४,२७२ | ४८ |
| २००१ | १,३३४ | ४८५ | ७ | २०२६ | २०,८११ | ४,७१० | ५३ |
| २००२ | १,४६६ | ५१५ | ७ | २०२७ | २२,०५१ | ५,१९४ | ५८ |
| २००३ | १,६५७ | ६०८ | ७ | २०२८ | २३,३२० | ५,७२३ | ६४ |
| २००४ | १,९४९ | ७०९ | ८ | २०२९ | २४,५९० | ६३,०७ | ७० |

स्रोत : विश्व बैंक

# तरकारीको मूल्यवृद्धिको अर्थराजनीति



**कृषिकर्जा, कृषि अनुदानलगायत शीर्षकमा बजेटले व्यवस्था गरे तापनि यथार्थमा हामीले स्वदेशी उत्पादनलाई प्राथमिकता दिन नसकेकै हो । हामी तरकारीका लागि अन्य मुलुकमा निर्भर हुनुपर्ने अवस्था छ ।**

- द्वैपायन रेग्मी

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत साउन मसान्तसम्मको मुद्रास्फीति ४ दशमलव १ प्रतिशत रहेको छ । उक्त महीनामा खाद्य तथा पेय पदार्थमा ६ दशमलव १७ प्रतिशतको मुद्रास्फीति भएको बुझिन्छ । खाद्य तथा पेय पदार्थभित्रको सागसब्जीमा १९ दशमलव शून्य ७ प्रतिशत, दाल तथा गेडागुडीमा १२ दशमलव शून्य ९ प्रतिशत, अनाज र तिनका उत्पादनमा ९ दशमलव १५ प्रतिशत, दूधजन्य पदार्थ र अन्डामा ३ दशमलव ६६ प्रतिशतको मुद्रास्फीति भएको छ । यथार्थ भने फरक छ । अहिले इस्कुस, मुलालगायत केही तरकारीबाहेक अन्य तरकारीको मूल्य सय रूपैयाँभन्दा माथि छ ।

चाडबाडको समयमा उपत्यकामा तरकारीको मूल्य बढ्नु स्वाभाविक मानिन्छ । आलु, प्याज, टमाटर, धनियाँसम्म सबै तरकारीको मूल्य बढेको छ । तथ्यांक मापन गर्ने आफ्नै विधि हुन्छ । तर, त्यसमा समयअनुरूप परिमार्जन गर्न आवश्यक छ । विधि पुरानै भएकाले राष्ट्र बैंकको तथ्यांक र उपभोक्ताले गरेको अनुभव नमिलेको हो ।

१९औं शताब्दीमा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले यूरोपेली मुलुकबाट तरकारी ल्याएर नेपालमा आधुनिक तरकारीखेती शुरू गरेका थिए । १९३७ मा प्रधानमन्त्री चन्द्रशमशेरले बिउबिजन विक्री गर्न पसलहरूको थालनी गर्दै कृषि अनुसन्धान परिषद्को स्थापनासमेत गरेका थिए । काठमाडौं, ककनी र परवानीपुर क्षेत्रमा आधुनिक कृषिको थालनी उनैले गरेका थिए । १९७५ मा कृषि वर्ष मनाएपश्चात्, व्यापारिक प्रयोजनका लागि नेपालमा तरकारी किनबेच अलि खुला हुँदै गएको हो । हालसम्म आइपुग्दा तरकारीको उब्जनी, बिउबिजनको विक्रीवितरण र उत्पादनले गति लिँदै गयो । नेपालको गति सुस्ती हुँदा भारतले तीव्रताका साथ बढायो र नेपाली बजारमा आफ्नो प्रभुत्व जमाउन सफल भयो । भैरहवा, विराटनगर, वीरगञ्ज, नेपालगञ्जबाट मात्रै दैनिक ३०० टनभन्दा बढी तरकारी दैनिक नेपाल भित्रिन्छ

काठमाडौंमा मात्रै दैनिक १२० टन हाराहारी तरकारीको माग छ । आव २०८१/८२ को साउनदेखि कात्तिकसम्ममा १३ अर्बभन्दा बढीको तरकारी नेपालले आयात गरेको देखिन्छ ।

अर्थशास्त्रको सामान्य सिद्धान्तअनुसार जब आपूर्ति कम हुन्छ र माग बढी हुन्छ मूल्य बढ्छ । कालिमाटी तरकारी तथा फलफूल बजारमा काठमाडौंको माग धान्ने गरी तरकारी नभित्रिएकाले मूल्य बढेको देखिन्छ । भारतको निर्यात नीतिले तरकारी आयात घटेको हुन सक्छ । भारतले नेपालभन्दा उपयुक्त अर्को बजार देखेको वा भेटेको भए नेपाललाई पर्याप्त वितरण नगरेको हुन सक्छ ।

अर्को, तरकारीको कृत्रिम अभाव सृजना गरेर मूल्य बढाउने खेल भएको हुन सक्छ । एकपटक मूल्य बढिसकेपछि फेरि त्यही तहमा घट्ने सम्भावना न्यून हुन्छ । काठमाडौंको रेस्टुराँहरूको मेन्युमा भूकम्प र नाकाबन्दीपश्चात् मूल्य बढेको हो तर अवस्थामा सामान्य भएपछि पनि त्यो मूल्य घटेको छैन । त्यसैले अहिले बिचौलियाहरू सक्रिय भएर मूल्य बढाउन खोजेको हो कि भन्ने आकलन गर्न सकिन्छ । सम्बद्ध निकाय मौन रहँदा बिचौलियाले आफ्नो आम्दानी बढाउन यसो गरेको हुन सक्छ ।

युवावर्गहरू विदेशिनुको असर पनि तरकारीको मूल्यमा परेको देखिन्छ । खेतबारी बाँझो रहेको अवस्थामा स्वदेशी उत्पादनलाई प्राथमिकता दिन सकेका छैनौं । कृषिकर्जा, कृषि अनुदानलगायत शीर्षकमा बजेटले व्यवस्था गरे तापनि यथार्थमा हामीले स्वदेशी उत्पादनलाई प्राथमिकता दिन नसकेकै हो । हामी तरकारीका लागि अन्य मुलुकमा निर्भर हुनुपर्ने अवस्था छ । स्वदेशमा उत्पादन वृद्धि गर्न नसक्नु मूल्य वृद्धिको प्रमुख कारण हो ।

सरकारी नीति र नियमले समेत सर्वसाधारणको भान्छा महँगो बनाइरहेको छ । कहिले आलु र प्याज आयातमा नेपालले कर लगाउने, कहिले भारतले निर्यातमा कर लगाइदिने जस्ता अभ्यासले गर्दा पनि बिचौलियाहरूलाई मूल्य बढाउन सहयोग पुऱ्याइरहेको छ । सर्वसाधारणलाई मर्का पर्ने गरी आधारभूत वस्तुमै कर थोपर्नु कत्तिको उपयुक्त हो भने भन्नेबारे बहस जरुरी छ ।

तरकारीको गुणस्तरमा पनि समस्या छ । आयातित तरकारीमा केकति विषादी प्रयोग भएको छ, त्यो कतै लेखाजोखा छैन । मूल्यांकनसमेत गर्न सकिएको छैन । सम्बद्ध निकायले विषादी मात्राको पहिचान किन नगरेको, खानयोग्य छ कि छैन भनेर प्रमाणित किन नगरेको भन्ने विषय रहस्यपूर्ण छ ।

यस समयमा न इन्धनको मूल्य बढेको छ, न उत्पादनमा कमी आएको छ, न भारतले नेपाललाई भेदभाव गर्ने कुनै घोषित वा अघोषित नीति ल्याएको छ । यस्तोमा मूल्य आकाशिनुको कारण बुझिँदैन । त्यसैले यसमा बिचौलियाहरूको खेल हो कि भनेर आशंका गर्न सकिन्छ । काठमाडौंमा विद्यार्थी वर्ग, दैनिक ज्यालादारी गरेर कमाउने वर्गदेखि निम्न आय भएका वर्गसमेत बस्ने गर्छन् । यसै पनि भान्छाका अन्य उपभोग्य वस्तुहरू, गेडागुडी, दाल, चामल, मसलालगायत वस्तुमा मूल्य वृद्धि भएर यो वर्ग समस्यामा परेको छ । तरकारीजस्तो आधारभूत वस्तुको मूल्यमा राज्य मौन रहनुले हाम्रो लाचारी देखाउँछ । दुई छाक खान संघर्षरत वर्गहरूलाई यो मूल्य वास्तवमै चुनौतीपूर्ण छ ।

उच्च महँगीको शिकार भइरहेको नेपाली समुदाय तरकारीजस्तो वस्तुमा राजनीति प्रवेश गरेर मर्का पर्दा, निमुखा जनतालाई आर्थिक भार पार्दा सरोकारवाला निकाय समाधानका लागि एक ढिक्का भएर उभिन आवश्यक हुन्छ । महँगीसँग जुध्न नसकेरका कतिपयले काठमाडौं छाड्न बाध्य हुनुपरेको अवस्था समेत छ । तरकारीको मूल्य, गुणस्तर, आपूर्ति आदि पक्षमा सरकारले वास्ता नगर्दा उपभोक्ता ठगिने मात्र होइन, स्वास्थ्यमा समेत असर पारिरहेको छ । त्यसैले मूल्य मात्र नभएर गुणस्तर जस्ता पक्षलाई पनि सम्बोधन गर्न स्थानीय सरकार, संघीय सरकारदेखि सम्पूर्ण सरोकारवाला निकाय जागरुक हुन आवश्यक छ ।

*रेग्मी बैंकर हुन् ।*

पाठक पत्र

## सरकार गिज्याउने खाल्डो

काठमाडौं प्लाजाको नजिक भासिएको सडक चार महीना बितिसक्दा पनि सरकारले टाल्न सकेको छैन । न्युरोडमा बालेनले फुटपाथ विस्तारका लागि सडक खन्दा रातारात पिच गर्ने सडक विभागले एउटा खाल्डो पुर्न चार महीनामा पनि सकेको छैन । यो भासिएको खाल्डोले सरकार कति कमजोर र दलदलमा फसेको छ भन्ने देखाउँछ । यसले सरकारलाई गिज्याइरहेको छ ।

काठमाडौंको मुख्य ठाउँको एउटा खाल्डो पुर्न यति धेरै समय लाग्छ भने देशका अन्य ठाउँको सडक समयमा बन्ला भनेर कसरी आशा गर्ने ? भासिएको सडक लामो समयसम्म नबन्दा दरबारमार्ग-कमलादी हुँदै चल्ने सवारीसाधनले सास्ती खेप्दै आएका छन् । पैदलयात्रीले पनि सास्ती खानु परेको छ । सडककै कारण अहिले सो क्षेत्र सुनसान बन्ने गरेको छ । फुटपाथको काम बाँकी भएकाले सडक सञ्चालनमा ल्याउन नसकिएको सरकारको भनाइ छ । ठेक्का आह्वान, ठेक्का सम्झौता आदि गर्न सरकारी प्रक्रिया नै निकै लामो छ । त्यसमा पनि कमिसनको चक्करले निर्णय गर्न विलम्ब हुने गरेको छ । ठेक्का प्रक्रिया नै लामो हुने हुँदा नेपालको पूर्वाधार निर्माण सम्पन्न हुने ढिला गरेको छ तर त्यसमा सुधारका लागि भने ठोस काम भएको छैन ।

काठमाडौंमा धेरै स्थानमा खाल्डाखुल्डी छन् । त्यसलाई टालटुल गर्न पनि यस्तै विलम्ब छ । विगतको दाँजोमा केही गति देखिएको छ तर निर्माणको काम स्तरीय नभएकाले केही दिनमा नै भत्कने गरेको छ । दिनहुँदा हजारौं सवारीसाधन आवतजावत हुने ठाउँमा यस्तो समस्याले सास्ती मात्र होइन खर्च पनि बढाउँछ । समय पनि बर्बाद हुन्छ । त्यही भएर नेपालीको उत्पादकत्व कम देखिएको हो । समयमै आयोजनाहरू सम्पन्न नहुँदा सर्वसाधारणले सास्ती खेप्नुपर्छ नै साथसाथै राज्यले पनि ठूलो आर्थिक घाटा बेहोर्नुपर्ने हुन्छ ।

उपत्यकाबाहिरका सडकको स्थिति झन् दयनीय छ । ती सडकहरु वर्षौंसम्म नबनेका थुप्रै उदाहरणहरू छन् । स्रोत सुनिश्चित नहुनु, बजेटमा समस्या हुनु र काम गर्ने प्राविधिक दक्ष टिम नहुँदा सडक आयोजनाहरूमा समस्या हुने गरेको छ ।

*दीपक अधिकारी*
*वनस्थली, काठमाडौं*



तस्वीर :रासस

सुनसरीको इनरुवा-९ मा आधुनिक मेसिनको सहायताले मकै रोप्दै किसान । यो मेसिनबाट एक दिनमा एक बिघा जमिनमा मकै रोप्न सकिने किसान बताउँछन् ।

संखुवाखोला जलविद्युत् परियोजनामा जुट्यो लगानी

# सिटिजन्स बैंकको अगुवाइमा वित्तीय व्यवस्थापन


अभियान संवाददाता

काठमाडौं

४१ दशमलव शून्य ६ मेगावाट क्षमताको संखुवाखोला जलविद्युत् परियोजनाको वित्तीय लगानी जुटेको छ । आयोजनामा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको अगुवाइमा एभरेष्ट बैंक लिमिटेड, नेपाल एसबिआई बैंक लिमिटेड र सानिमा बैंक लिमिटेडले रू. ६ अर्ब १५ करोड रुपैयाँ ऋण लगानी गने भएका छन् । सोमवार प्रवर्द्धक कम्पनी गुराँस हाइड्रो लिमिटेड एवं लगानीकर्ता बैंकहरूबीच वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरण कर्जा सम्झौतामा हस्ताक्षर भएको छ ।

उक्त परियोजना कोशी प्रदेश, संखुवासभाको सिलिचोङ गाउँपालिका र भोजपुरको साल्पा सिलिचाछो गाउँपालिकामा निर्माण हुनेछ ।

परियोजनाको अनुमानित लागत करीब रू. ८ अर्ब २० करोडमध्ये बैंकहरूले ७५:२५ को ऋण : स्वपूँजी अनुपातमा रू. ६ अर्ब १५ करोड बराबरको ऋण लगानी गर्ने भएका हुन् । यसमध्ये सिटिजन्स बैंकबाट रू. २ अर्ब ९० करोड, एभरेष्ट बैंकबाट रू. १ अर्ब २५ करोड, नेपाल एसबिआई बैंकबाट १ अर्ब २५ करोड र सानिमा बैंकबाट रू. ७५ करोड लगानी हुनेछ । परियोजना आगामी चार वर्षभित्र निर्माण सम्पन्न गरी विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ । निर्माण सम्पन्न भएपछि उत्पादित बिजुली नेपाल विद्युत् प्राधिकरणको संखुवासभास्थित सित्तलपाटी सबस्टेशनमा जोडिनेछ । कम्पनीका अनुसार आयोजनाबाट हिउँदमा ७५ दशमलव शून्य ४१ गिगावाट घण्टा र वर्षायाममा १६५ दशमलव ८८८ गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ ।




**सोमवार प्रवर्द्धक कम्पनी गुराँस हाइड्रो लिमिटेड एवं लगानीकर्ता बैंकहरूबीच वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरण कर्जा सम्झौतामा हस्ताक्षर भएको छ ।**

सहवित्तीयकरण कर्जा सम्झौता हस्ताक्षर कार्यक्रममा सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सिटिजन्स बैंकले स्थापनाकालदेखि नै एकल लगानीका साथै आफ्नो अगुवाइ, सहअगुवाइ तथा अन्य बैंकसँगको सहवित्तीयकरणमार्फत जलविद्युत् लगायत हरित ऊर्जा क्षेत्रमा उल्लेख्य लगानी गर्दै आएको बताए । बैंकिङ क्षेत्र एवं स्वतन्त्र ऊर्जा उत्पादकहरूको संयुक्त लगानीबाट धेरै आयोजना निर्माण भई सञ्चालनमा आएकाले देशको समग्र ऊर्जा क्षेत्रको विकासमा टेवा पुगेको उनको भनाइ थियो ।

निर्माण सम्पन्न भएका १२४ दशमलव ५४१ मेगावाट क्षमताका १३ ओटा आयोजना र निर्माणाधीन ५१६ दशमलव ५७४ मेगावाट क्षमताका १६ ओटा आयोजनासहित कुल ६४१ दशमलव ११५ मेगावाट क्षमताका २९ ओटा आयोजनामा सिटिजन्स बैंकको लगानी रहेको जानकारी उनले दिए । सिटिजन्स बैंकले हालसम्म १५ ओटा जलविद्युत् आयोजनामा अगुवा बैंक, दुईओटा आयोजनामा सहअगुवा बैंक, ९ ओटामा सहभागी बैंक र तीनओटामा एकल रूपमा लगानी गरेको छ ।

प्रवर्द्धक कम्पनी गुराँस हाइड्रो लिमिटेडका अध्यक्ष शिवप्रसाद घिमिरेले आगामी चार वर्षभित्र परियोजना निर्माण सम्पन्न गरी विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको जानकारी दिए । हालसम्म नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभाग, वन तथा वातावरण मन्त्रालय लगायत सरोकारवाला निकायमा गर्नुपर्ने सबै कानूनी प्रक्रिया पूरा गरी सकिएकाले आयोजना तत्काल निर्माण शुरू गरी समयमै सम्पन्न हुने विश्वास उनले व्यक्त गरे ।

# किवीभन्दा अलैंचीबाट धेरै फाइदा

मंगलबारे । ‘अब यो किवी उखेलेर अलैंची नै लगाउने हो,’ मकैबारी मासेर किवी रोपेका किसान विनोद खतिवडाले सुनाए । ७ देखि १० ओटा किवीका झाङ अटाउने जग्गामा एक मन अलैंची फल्ने भन्दै उनले किवीभन्दा अलैंचीबाट दशौं गुणा फाइदा हुने बताए । शुरूमा मकै छर्ने टार बारीमा उनले २० बोट किवी रोपेका थिए । किवी र अलैंचीको तुलना गर्दै उनी थप्छन्, ‘ऊ बेला किवी लगाएको ठाउँमा अलैंची लगाएको भए दुई मनभन्दा बढी फल्ने थियो, ऐलेको भाउमा पनि २ लाख रुपैयाँभन्दा माथि नै हुन्थ्यो ।’

करीब २० बोट किवीबाट ५ हजार पनि आम्दानी नभएको उनको भनाइ छ । इलाम सन्दकपुर गाउँपालिकाका किसान विनोद खतिवडाले मात्र होइन, सो क्षेत्रका अधिकांश किसानले बारीमा किवी लगाएका छन् । अलैंची बराबरको मूल्य अन्य खेतीबाट हुन नसक्ने किसान बताउँछन् । अहिले राम्रो गुणस्तरको किवी प्रतिकिलो १०० देखि डेढ सय रुपैयाँसम्ममा विक्री भइरहेको छ तर अलैंची प्रतिकिलो २ हजार ८०० रुपैयाँभन्दा बढीमा बिक्री भइरहेको छ । अलैंची अहिले १ लाख १५ हजार रुपैयाँसम्ममा कारोबार भइरहेको छ ।

कुनै बेला प्रतिकिलो ६०० रुपैयाँभन्दा बढीमा कारोबार भएको किवी हाल बिक्नसमेत समस्या भइरहेको किसानको भनाइ छ । विक्री भएको किवी समेत कम मूल्यमा गइरहेको किसान बताउँछन् । किवीमा जुन लागत छ सो अनुसारको आम्दानी नहुने गरेको उनीहरू बताउँछन् । किवीको बजारीकरणमा समस्या रहेको किसान ठाकुर खतिवडाको भनाइ छ । किसान आफैले बजारीकरण गर्नुपर्ने, मूल्य समेत आलु बराबर मात्र पाइने गरेको उनले बताए । शुरूमा किवी खेती गर्ने किसानले बिरुवा र दानाबाट राम्रो आम्दानी गरे पनि हाल सो मूल्य कायम हुन नसक्दा किसानमा निराशा पैदा भएको छ । सोचेजस्तो आम्दानी नभएको किसान रुद्र खतिवडाले बताए ।



किवीलाई फलफूलको राजा उपनाम दिइएको छ । एउटै किवीबाट धेरैओटा फलफूलमा पाइने भिटामिन र स्वाद हुने भएकाले यसलाई उच्च गुणस्तरको फलका रूपमा लिइन्छ । तर, बजारीकरणमा सरकार तथा सम्बन्धित निकायले चासो नदिएको किसानको आरोप छ ।

धेरै पौष्टिक तत्त्वले भरिपूर्ण मानिएको किवी इलामसहित काभ्रे, पाँचथर, संखुवासभालगायत जिल्लामा खेती हुँदै आएको छ । पश्चिमी जिल्लामा समेत पछिल्लो समय इलामबाटै बिरुवा जान थालेको छ । किवी फलको खेती तथा उपभोग दर विस्तार हुँदै गएको पाइन्छ ।

यस फलको बोट रोप्दा नै भाले र पोथी प्रजाति पहिचान गरी सँगसँगै रोप्नु पर्छ । भालेपोथीको परागसेचन नभएमा किवी फल्दैन । भमरा, माहुरीलगायतले फूलमा भएको रस चुस्ने क्रममा यसको परागसेचन हुने गरेको छ । यसको विरुवा हाँगा (डाँठ) र दिउलबाट पनि उत्पादन गरिन्छ । रोपेको चौथो वर्षदेखि नै किवी फलबाट आम्दानी लिन सकिन्छ ।

पहाडी भूभागमा यसको उत्पादन राम्रो हुन्छ । समुद्री सहतदेखि १ हजार २०० मिटरदेखि माथि २ हजार ४०० मिटरसम्मको उचाइमा किवी खेती गर्न सकिने बताइएको छ । इलाममा ७८० हेक्टरमा किवीखेती हुने गरेको कृषि ज्ञान केन्द्र इलामका सूचना अधिकारी तथा कृषि प्रसार अधिकृत जीवन ठाडा मगरले बताए । अघिल्लो वर्ष २ हजार ८५२ मेट्रिक टन किवी उत्पादन भएको उनले जानकारी दिए । किवीलाई प्रशोधन गरेर जुस, जाम समेत बनाउन सकिन्छ । जुस, जाम वा अचार बनाउन समेत पहल गर्ने हो भने किवीलाई पुरानो मूल्यमा फर्काउन सकिने किसानको भनाइ छ । *रासस*

# उद्यमशीलता वातावरणीय प्रणाली कोर्स सम्पन्न

काठमाडौं (अस) । अक्षेश्वर परम्परागत बौद्धकला महाविद्यालयद्वारा सञ्चालित उद्यमशीलता वातावरणीय प्रणाली कोर्स सम्पन्न भएको छ । उक्त कोर्स २०८१ साउन २५ गतेदेखि मङ्सिर १८ गतेसम्म सञ्चालन भएको थियो । यस कोर्सको डिजाइन तथा संयोजन सुमन शाक्यले गरेका थिए ।

उद्यमशीलता वातावरणीय प्रणाली, उद्यमशीलतामा वरिपरिको वातावरणीय पक्षको भूमिका, वातावरणीय प्रणालीको उपयोगिता तथा महत्त्वबारे विस्तृत जानकारी दिनु उक्त कोस सञ्चालनका मूल उद्देश्य थिए ।




उक्त कोर्स लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धनमा अक्षेश्वर परम्परागत बौद्धकला महाविद्यालयमा सञ्चालित ब्याचलर इन ट्रेडिसनल बुद्धिस्ट आर्ट (बीटीबीए)को छैटौं सेमेस्टर तहको हो । यो कार्यक्रम १६ हप्ता सञ्चालन भएको थियो । कक्षामा कलेजका नियमित सहभागीका साथै यस विषयमा इच्छुक अन्य (कलेजबाहेकका) ३० जना सहभागी थिए । सहभागीहरूले प्रमाणपत्र प्राप्त गरेका छन् ।

उद्यमशीलता वातावरणीय प्रणाली कोर्स विभिन्न विषयका विज्ञले सञ्चालन गरेका थिए । विशेषगरी उद्यमशीलताको वातावरणीय प्रणाली अन्तर्गतका विविध विषयका विज्ञहरूद्वारा प्रशिक्षार्थीका लागि कोर्स सञ्चालन गरिएको थियो । उक्त कोर्सको समापन तथा अतिथि वक्तालाई सम्मान कार्यक्रम मङ्सिर २४ गते अक्षेश्वर महाविहारमा सम्पन्न गरिएको थियो ।

बाँकी पृष्ठ १ बाट ...

**राजस्वमा प्रत्यक्ष ...**

आर्थिक गतिविधि चलायमान हुँदा यसको प्रभाव व्यक्तिगत र संस्थागत आयकरको परिमाणमा सीधै देखिन्छ । ‘अरू देशमा आयकर पहिलो स्थानमा छ,’ ज्ञवालीले भने, ‘नेपालमा अबको ५/६ वर्षपछि आयकर संकलन पहिलो स्थान पुग्छ भन्ने आकलन छ, किनभने आयकर संकलनको प्रवृत्ति पनि बढ्दो छ । पहिला पुछारमा भएको आयकर संकलन अहिले दोस्रो ठूलो कर संकलनको स्रोत भएको छ ।’

आयकर बढाउन अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउनुपर्ने तर्क गर्दै उनले थपे, ‘कर्पोरेटहरू, बिजनेश युनिटको गतिविधि बढ्यो, उद्योग/व्यवसायको नाफा बढ्यो भने आयकर बढ्ने कुरा निश्चित हुने हुँदा प्रत्यक्ष कर सुनिश्चित जस्तै हो ।’

उनी सदस्य रहेको उक्त समितिले सरकारलाई बुझाएको प्रतिवेदनमा २०३६ सालमा कुल राजस्वमा ३४ दशमलव ६ प्रतिशत योगदान गरेको भन्सार राजस्वको अंश आव २०७९/८० हाल २० प्रतिशत पुगेको उल्लेख छ । २०३२ सालमा ४ दशमलव ७ प्रतिशत रहेको आयकर आव २०७९/८० मा आइपुग्दा २६ दशमलव ७ प्रतिशत पुगेको छ । यस्तै २०५४ सालमा कुल राजस्वमा २६ दशमलव ९ प्रतिशत रहेको मूल्य अभिवृद्धिकरको योगदान आव २०७९/८० मा ३२ दशमलव ७ प्रतिशत पुगेको उल्लेख गरिएको छ ।

**करदाताले आयविवरण ...**

‘यसमा के कसो भएको हो ? रिट निवेदकको निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए, सोसमेत साथै राखी सूचना म्याद पाएको मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र उच्च सरकारी वकिल कार्यालय, पाटनमार्फत लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसहित विपक्षीका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू,’ आदेशमा भनिएको छ ।

त्यस्तै आदेशमा ‘छलफलका लागि तोकिएको सो मितिसम्म विपक्षी आन्तरिक राजस्व विभागबाट प्रकाशित मिति २०८१/०६/०७ को सूचना तत्काल कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरूका नाउँसा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनू’ भनिएको छ ।

**बीमा प्राधिकरणका ...**

सिलवालले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १५ र १६ अनुसारको कसुर गरेको अख्तियारले दाबी गरेको छ । दफा १५ मा नपाएको ओहोदा पाएको भनी पद, पोशाक र चिह्नको दुरुपयोग गरेमा १ वर्षदेखि २ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरीवाना हुने व्यवस्था छ । यस्तै दफा १६ मा झूटा विवरण पेश गरेको पाइएकोमा ६ महीनादेखि १ वर्षसम्म कैद र १० हजारदेखि २० हजार रुपैयाँसम्म जरीवाना हुने कानूनी व्यवस्था छ ।

# हजार धारा जडान गर्दै लहान नगरपालिका

सिरहा । चुरे क्षेत्रका इनार, कुवा र चापाकलमा पानी रसाउन छाडेपछि लहान नगरपालिकाले चालू आर्थिक वर्षमा यहाँका एक हजार घरपरिवारमा निःशुल्क खानेपानीको धारा जडान गर्ने भएको छ ।

नगरपालिकाले वाटर एड र दलित जनकल्याण युवा क्लबसँग सहकार्य गरी ‘विकन’ परियोजनामार्फत एक हजार विपन्न तथा दलित परिवारको घरमा निःशुल्क खानेपानी धारा जडान गर्ने तयारी गरेको नगरप्रमुख महेश चौधरीले जानकारी दिए ।

‘नगरका चुरेसँग जोडिएका वडाहरूमा खानेपानी समस्या विकराल छ । हामीले त्यहाँ नेपाल खानेपानी संस्थानको सहकार्यमा आयोजना सञ्चालन गरी एक हजार धारा निःशुल्क जडान गर्ने लक्ष्य राखेका छौं,’ नगरप्रमुख चौधरीले भने, ‘अघिल्लो वर्ष नगरको तर्फबाट यहाँका दलित तथा विपन्न समुदायलाई धारा जडानमा आर्थिक सहयोग पनि गरेका छौं । विस्तारै सबै वडामा खानेपानी पुऱ्याउने लक्ष्य लिएका छौं ।’

**नेपाल खानेपानी संस्थान शाखा कार्यालय लहानका खानेपानी वितरण शाखा प्रमुख लट्टु यादवका अनुसार हालसम्म नगरक्षेत्रमा ५ हजार १४९ धारा जडान भएका छन् ।**

हाल वडा नं. १३, १४, २४, १८, १५, १६ र १७ मा काम भइरहेको उनले जानकारी दिए । लहान नगरमा लालपुर्जा नभएका सुकुमबासीहरू बढी दलित समुदायका छन् । नगरप्रमुख चौधरीका अनुसार अघिल्लो आवमा उनीहरूलाई सहुलियतमा धारा जडान गरिएको थियो ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय लहानका खानेपानी वितरण शाखा प्रमुख लट्टु यादवका अनुसार हालसम्म नगरक्षेत्रमा ५ हजार १४९ धारा जडान भएका छन् । लहान नगरपालिकामा २४ वडा छन् । तीमध्ये १ देखि १० सम्ममा १०७ किलोमिटर पाइप जडान गरी धारा जडान गरिएका छन् । वडा नम्बर २४ मा पछिल्लोपटक सेवा विस्तार गरिएको छ ।

खानेपानीसम्बन्धी काम गरिरहेको विकन परियोजनालाई खानेपानी मन्त्रालय र खानेपानी संस्थानले पनि सहयोग गरिरहेका छन् । यस परियोजनामार्फत सन् २०३० सम्ममा लहानका सबै घरमा शुद्ध खानेपानी पुऱ्याउने लक्ष्यसहित काम भइरहेको नगरप्रमुख चौधरीको भनाइ छ । *रासस*

# वैकल्पिक आम्दानीको स्रोत बन्दै अम्रिसो

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोट नगरपालिकाको पहाडी गाउँका कृषकले अम्रिसो खेतीबाट मनग्य आम्दानी गर्न थालेका छन् । गैंडाकोट-३ र १८ का किसानले लगाएको अम्रिसोले भू-क्षय तथा पहिरो रोकथाम हुनुका साथै वैकल्पिक आम्दानीको स्रोत बन्दै गएको हो ।

गैंडाकोट-१८ का वडाध्यक्ष तिलबहादुर चितौरी मगरले भिरालो जमिनमा अम्रिसो खेती गर्ने किसानहरू बढ्दै गएका भन्दै यसले पहिरो रोकथाममा सहयोग गर्ने विश्वास व्यक्त गरे ।

वडाका दमार, बसेनीलगायत स्थानका किसानले सिँचाइ अभाव भएका क्षेत्रमा वैकल्पिक रूपमा अम्रिसो खेती गरिरहेका छन् । ‘सिँचाइ अभाव भएका ठाउँमा अन्य खेती हुँदैन,’ उनले भने, ‘अम्रिसो लगाएपछि खेती पनि हुने बर्खामा परेको पानीले जमिन कटान हुनबाट रोक्ने भएकाले यसतर्फ आकर्षण बढ्दै गएको हो ।’ अम्रिसो खेती गर्न चाहने किसानलाई पालिकाले सहजीकरण गरेर बिरुवा उपलब्ध गराइरहेको वडाध्यक्ष चितौरी मगरले जानकारी दिए । अम्रिसोमा मेहनत बढी नपर्ने र आम्दानी पनि हुने भएकाले पछिल्लो समय किसानको जीविकोपार्जनमा वैकल्पिक आम्दानीको स्रोत बन्दै गएको उनले बताए ।

‘अम्रिसोबाट घर सफा गर्ने कुचो बनाएर विक्री गरिने हुँदा बजारको अभाव छैन,’ वडाध्यक्ष चितौरी मगरले भने, ‘नवलपुर बजार क्षेत्र, नारायणगढ, बुटवलका व्यापारीको सहयोगमा भारत र बंगलादेशसम्म यहाँको अम्रिसोको कुचो पुग्ने गरेको छ ।’

कृषक लेखबहादुर आलेले अम्रिसो खेतीबाट आएको आम्दानीले जीवन निर्वाह सहज भएको बताए । सिँचाइ अभावले बारीमा खेतीबाली कम हुने भन्दै उनले अम्रिसो गाई बाख्रालाई घाँसका रूपमा प्रयोग हुनुका साथै फुलेपछि कुचो विक्री गरेर आम्दानी लिन सकिने बताए ।

यहाँका पहाडी क्षेत्रमा अधिकांश किसानले अम्रिसोलाई आम्दानीको वैकल्पिक माध्यम बनाउने गरेका आलेले उल्लेख गरे । ‘अम्रिसो खेतीमा हामीलाई दोहोरो फाइदा छ । पशु चौपायाका लागि घाँस खुवाउन पाइन्छ । कुचो बनाएर बेच्न पाइन्छ । पानी पर्दा माटो कटानसमेत रोकिन्छ,’ उनले भने, ‘कुचो विक्री गर्न पनि समस्या छैन, कसैले चामलसँग साट्छन्, कसैले पैसामा विक्री गर्ने गरेका छौं ।’



गैंडाकोट-१८ मा धान खेती नहुने भएकाले किसानले धानसँग कुचोसमेत साट्ने आलेको भनाइ छ । ‘पहाडी क्षेत्रमा धान खेती कम हुन्छ । भएको खेतमा लगाएको धानले केही महीना मात्रै खान पुग्छ,’ उनले भने, ‘यहाँका कतिपय किसानले सामूहिक रूपमा पनि अम्रिसो खेती गर्दै आएका छन् ।’

गैंडाकोट-३, भुजेल बस्तीका युगबहादुर सारुले वार्षिक ५० हजार रुपैयाँभन्दा बढीको अम्रिसो विक्री गरिरहेको बताए । ‘घरमा आउनेलाई पैसामा विक्री गर्छौं, गाउँतिर लिएर गयौं भने धानसँग साटेर आउँछौं,’ उनले भने, ‘धान उब्जनी नभए पनि अम्रिसोसँग साटेर धान ल्याउन पाइन्छ ।’

गाउँको भिरालो जमिन अम्रिसो खेतीले भरिएको भन्दै सारुले अहिले अम्रिसो फुल्न शुरू भइसकेको जानकारी दिए । केही वर्षअघिसम्म झाडीले भरिएका डाँडोमा अम्रिसो खेती शुरू भएपछि डाँडा हरियो भएको उनले उल्लेख गरे ।

गैंडाकोट नगरपालिकाका कृषि शाखा प्रमुख राजुप्रसाद शर्माले नगरपालिकाको पहाडी क्षेत्रमा केही समुदायले कबुलियत वनमा अम्रिसो खेती गरिरहेका बताए । ‘कतिले हामीमार्फत खेती गर्नुभएको छ, कति कृषकले सिधै सबडिभिजन वन कार्यालयमार्फत खेती गर्नुभएको छ,’ उनले भने, ‘अन्नबाली नफल्ने भिरालो जमिनमा लगाइएको अम्रिसोबाट स्थानीयले आम्दानी गर्नुका साथै पहिरोको जोखिम न्यूनीकरणमा सहयोग पुगेको छ ।’

अम्रिसो खेती गर्ने किसानलाई पालिकाले आर्थिक अनुदानका साथै प्राविधिक सहयोग गर्दै आएको शर्माले बताए । प्रत्येक वर्ष मनसुन शुरू हुने बेलामा अम्रिसोको बिरुवा लगाउने, मङ्सिरमा फूल्ने र चैतसम्म काटेर बजार पठाउने गरिएको उनले जानकारी दिए ।

नगरपालिकासँगै सबडिभिजन वन कार्यालयले वनमा आश्रित घरपरिवारलाई आयमूलक पेशामा जोड्न पहाडी क्षेत्रमा अम्रिसो खेतीलाई प्रोत्साहन गर्दै आएको कृषि शाखा प्रमुख शर्माले बताए । प्रत्येक वर्ष पहाडी क्षेत्रमा अम्रिसो खेती गर्ने कृषक र क्षेत्रफल बढ्दै गएको उनले जानकारी दिए । *रासस*

**आगामी साधारणसभा**

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | २०८०/०८१ | आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | मङ्सिर २५ | ९:३० | ६.५ | १९ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १२ |
| २ | ग्लोबल आइएमई बैंक लिमिटेड | २०८०/०८१ | नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं | मङ्सिर २७ | १०:०० | ५.५ | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर ९ |
| ३ | नबिल बैंक लिमिटेड | २०८०/०८१ | राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं | मङ्सिर २७ | १०:०० | | १० | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १० |
| ४ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/०८१ | बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं | मङ्सिर २७ | १०:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १६ |
| ५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | २०८०/०८१ | दिनेश चौधरी स्मृति प्रतिष्ठान, दुहवी, सुनसरी | मङ्सिर २८ | ११:०० | १३.३ | ०.७ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १४ |
| ६ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २०७९/८०, २०८०/८१ | डेलिश ओपेरा रेष्ट्रो एण्ड ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं | मङ्सिर २८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १९ |
| ७ | सुपरमाई हाइड्रोपावर लिमिटेड | २०८०/०८१ | लिसरा रिसेप्सन, भगवती बहाल नक्साल, काठमाडौं | मङ्सिर २८ | ४:०० | ७ | ५.६३१ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १७ |
| ८ | एशियन हाइड्रोपावर लिमिटेड | २०८०/०८१ | द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर | पुस २ | १२:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १९ |
| ९ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | २०८०/०८१ | द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर | पुस २ | १०:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १९ |
| १० | चन्द्रागिरि हिल्स लिमिटेड | २०८०/०८१ | चन्द्रागिरी हिल्स लिमिटेडको कार्यालय, थानकोट परिसर | पुस ३ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| ११ | सोल्टी होटल लिमिटेड | २०८०/०८१ | नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं | पुस ४ | ११:०० | १० | २६.८५ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १३ - पुस ४ |
| १२ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २०८०/०८१ | कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं | पुस ४ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| १३ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अग्रवाल भवन, कमलपोखरी, काठमाडौं | पुस ५ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २७ |
| १४ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | दुर्गा पार्टी प्यालेस, इटहरी, सुनसरी | पुस ६ | ११:०० | १३.७७५ | ०.७२५ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १४ |
| १५ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | बिग होटल, बिराटनगर | पुस ६ | १०:०० | | २० | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| १६ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सेन्ट्रल प्लाजा, बाँके | पुस १० | १०:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | पुस २ |
| १७ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | २०८०/८१ | आम्रपालि ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | पुस ११ | १०:०० | ९ | ०.४७ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २३ |
| १८ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २०८०/८१ | आम्रपालि ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | पुस १२ | ९:०० | ५ | ०.२६३२ | १०० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| १९ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल प्रा.लि., मणिग्राम, रूपन्देही | पुस १९ | ११:०० | ३ | ५ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | पुस ३ |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | सूर्य इभेन्ट, धुम्बाराही, काठमाडौं | पुस २१ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | पुस ५ |
| २१ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाडौं | पुस २३ | ११:०० | | | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | पुस ११ |
| २२ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | २०८०/८१ | सेलिब्रेशन हाइट्स, सुकेधारा, काठमाडौं | पुस २५ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | पुस १२ |

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर २४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६४४ | ७९० | ४९७.४ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ५९० | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ५१० | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४५४.९ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ४०५ | ५७३ | ३४१.६ |
| ६ | कृषि विकास बैंक लिमिटेड | ३३९ | ४२८.४ | २२०.५ |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | ३०७.९ | ३८० | २१२.२ |
| ८ | सानिमा बैंक लिमिटेड | ३०७ | ३८२ | २२८ |
| ९ | नेपाल बैंक लिमिटेड | २६७ | ३३७.५ | १९५.१ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५४.१ | ३२९ | १८६ |
| ११ | माछापुच्छ्रे बैंक लिमिटेड | २४४.८ | २९५ | १५७.८ |
| १२ | एनएमबि बैंक लिमिटेड | २४१.९ | ३०० | १६२ |
| १३ | हिमालयन बैंक लिमिटेड | २४१.८ | ३१२.१ | १६७.१ |
| १४ | लक्ष्मी सनराइज बैंक लिमिटेड | २३६ | ३०० | १४३.६ |
| १५ | प्रभु बैंक लिमिटेड | २२४.५ | २९७ | १३२ |
| १६ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२१ | ३०२ | १७० |
| १७ | कुमारी बैंक लिमिटेड | २१७ | २७२.९ | १२९.६ |
| १८ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २१७ | २९५ | १४७.४ |
| १९ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २१६ | २९६ | १५२.५ |


# चण्डोल बहुउद्देश्यीय सहकारी संस्था लि.
CHANDOL MULTI-PURPOSE CO-OPERATIVE LTD.
काठमाडौं, फोनः ०१-४३७३४८६

## कर्जा रकम चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२५ गते**

यस चण्डोल बहुउद्देश्यीय सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले कर्जा लिएको कर्जा सम्झौताका शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा साँवा रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरि पटक पटक म्याद दिदा समेत बेवास्ता गरि रकम भुक्तानी गर्न नआएको ले यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र सम्पूर्ण कर्जा रकम (साँवा, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुनु यो सूचना प्रकाशित गरिएको छ। अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानून बमोजिम तलको धितो लिलाम गरी कर्जा असुल उपर गरिने व्यहोरा सबैलाई यो सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| ऋणीको विवरण | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| **नामः सृष्टि राणा**<br>**बुबाको नामः चोलेन्द्र शम्शेर ज.व. राणा**<br>पतिको नामः विनय रावल<br>ठेगानाः का म न पा वडा नं. ३२, काठमाडौ<br>हाल वुढानिलकण्ठ न पा वडा नं. ३, काठमाडौं<br>ना. प्र. नं.२८३१५<br>जारी मितिः २०६२/१०/१०<br>जि.प्र.का. काठमाण्डौ | **नामः विनय रावल**<br>**बुबाको नामः तिलक रावल**<br>बाजेको नामः टेक वहादुर रावल<br>ठेगानाः का. म. न. पा. वडा नं. ३१, काठमाडौ<br>हाल वुढानिलकण्ठ न पा वडा नं. ३, काठमाडौ<br>ना.प्र.नं. १११८-९३६३<br>जारी मितिः २०५०/०३/०३<br>जि.प्र.का. काठमाडौं |

**धितो सुरक्षणको विवरण**
सृष्टि राणा रावलको नाममा मालपोत कार्यालय चावहिल काठमाडौमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बिष्णु बुढानिलकण्ठ गा.वि.स, वडा न १, सिट नं. १(घ) का किता नं १३९, ४०३, ४०४, ४०५, ४०६ र ४०७ को क्रमस क्षेत्रफल ०-८-०-०, ०-४-०-०, ०-१-३-०, ०-२-३-०, ०-४-१-० र ०-५-१-० का जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।



*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने*

# LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

**रजिष्टर्ड कार्यालयः** का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं।
**टेलिफोन नं.:** ०१-४०१२६१३, ४०१२६१४ फ्याक्सः ४०१२६१५
**इमेलः** liccorporate@licnepal.com.np | **वेभसाइटः** https://www.licnepal.com.np

## हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला भईरहेको बारेको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०८१/०७/०९ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- अङ्कित दरको २,३४,६८,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला **मिति २०८१/०८/१२ गतेदेखि** निष्काशन तथा बिक्री खुला भईरहेको व्यहोरा सम्बन्धित सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दछौं।

**हकप्रद शेयरको लागि आवेदन दिने अन्तिम म्याद**

**मिति २०८१ पौष ०२ गते बैंकिङ्ग समयसम्म मात्र**

**यस हकप्रद निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अपरेशन ईन्चार्ज श्री केदार प्रसाद पुडासैनी (सम्पर्क नंः ०१-४५१२७४३-एक्सटेन्सन १११) लाई तोकिएको छ।**

*अन्य विस्तृत जानकारीको लागि मिति २०८१/०७/३० गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी आह्वान-पत्र हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटः https://nsmbl.com.np वा निष्काशन कम्पनीको वेवसाइटः https://www.licnepal.com.np बाट पनि प्राप्त गर्न सकिनेछ।*

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः https://nsmbl.com.np


# १४ जलविद्युत् कम्पनीको लाभांश घोषणा

काठमाडौं (अस)। नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत ९१ जलविद्युत् कम्पनीहरूमध्ये आर्थिक वर्ष (आव) २०८०/८१ सम्मको मुनाफाबाट हालसम्ममा १४ कम्पनीले लाभांश वितरण गर्ने घोषणा गरेका छन्।

१४ कम्पनीमध्ये १० कम्पनीको लाभांश साधारणसभाबाट पारित गरिसकेका छन्। अरुण भ्याली, सगरमाथा जलविद्युत्, सुपर मादी, अपि पावर, मन्दाकिनी हाइड्रोपावर, बिन्ध्यबासिनी हाइड्रोपावर, रू रू जलविद्युत् परियोजना, भगवति हाइड्रोपावर, माण्डु हाइड्रोपावर र साहस उर्जाले साधारणसभाबाट लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेका हुन्।

युनाइटेड इदी मर्दीले गत आवको मुनाफाबाट ४ प्रतिशत बोनस शेयर र शून्य दशमलव २१ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) र कुथेली बुखरी स्मल हाइड्रोपावरले १० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेका छन्। यी दुई कम्पनीले भने साधारणसभाको मिति तय गरेका छैनन्।

माउन्टेन इनर्जी नेपालले १५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ७९ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो। यो प्रस्ताव पारितका लागि कम्पनीले आगामी पुस २८ गते साधारणसभा बोलाएको छ। त्यस्तै, सुपरमाई हाइड्रोपावरले गत आवको मुनाफाबाट ७ प्रतिशत बोनस शेयर र ५ दशमलव ६३ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्ने प्रस्ताव गरेको हो। यो प्रस्ताव पारितका लागि कम्पनीले मङ्सिर २८ गते साधारणसभा बोलाएको छ।

| कम्पनीको नाम | २०८०/८१ को लाभांश % | | कुल लाभांश % |
|---|---|---|---|
| | बोनस शेयर % | नगद लाभांश % | |
| माउन्टेन इनर्जी नेपाल | १५ | ०.७९ | १५.७९ |
| रू रू जलविद्युत् परियोजना | १५ | ०.७९ | १५.७९ |
| भगवति हाइड्रोपावर | ४ | १०.७४ | १४.७४ |
| सुपरमाई हाइड्रोपावर | ७ | ५.६३ | १२.६३ |
| माण्डु हाइड्रोपावर | – | १२ | १२ |
| कुथेली बुखरी स्मल हाइड्रोपावर | १० | – | १० |
| साहस उर्जा | ८ | ०.४२ | ८.४२ |
| बिन्ध्यबासिनी हाइड्रोपावर | ८ | – | ८ |
| मन्दाकिनी हाइड्रोपावर | ५ | ०.२६ | ५.२६ |
| अपि पावर | ५ | ०.२६ | ५.२६ |
| सुपर मादी हाइड्रोपावर | ५ | ०.२६ | ५.२६ |
| सगरमाथा जलविद्युत् कम्पनी | ४.७५ | ०.२५ | ५ |
| युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर | ४ | ०.२१ | ४.२१ |
| अरुण भ्याली हाइड्रोपावर | ३ | ०.१६ | ३.१६ |

स्रोत : कम्पनीले प्रकाशित गरेको सूचनाबाट


**धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको**

**कोष प्रवर्द्धकः** मुक्तिनाथ विकास बैंक लिमिटेड MUKTINATH BIKAS BANK LIMITED नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
**योजना व्यवस्थापकः** मुक्तिनाथ क्यापिटल लि. MUKTINATH CAPITAL LTD. A Subsidiary of Muktinath Bikas Bank Ltd.

Muktinath Mutual Fund **मुक्तिनाथ म्युचुअल फण्ड** अन्तर्गत सञ्चालन हुने

**मुक्तिनाथ म्युचुअल फण्ड १ (MUKTINATH MUTUAL FUND 1)**
को

## इकाईको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

**मुक्तिनाथ म्युचअल फण्ड १ (MUKTINATH MUTUAL FUND 1)** को प्रति इकाई अंकित मूल्य रु. १०/- दरको १०,००,००,००० (अक्षरेपी दश करोड) इकाईले हुन आउने कुल रकम रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैंया मात्र) मध्ये न्यूनतम १,५०,००,००० (अक्षरेपी एक करोड पचास लाख) इकाई वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ प्रतिशत इकाई कोष प्रवर्द्धक मुक्तिनाथ विकास बैंक लिमिटेड तथा योजना व्यवस्थापक मुक्तिनाथ क्यापिटल लिमिटेडका लागि सुरक्षित राखी बाँकी रहने ८,५०,००,००० (अक्षरेपी आठ करोड पचास लाख) इकाई मिति २०८१ मंसिर २० गते बिहीबार देखि कुनै पनि संघ/संस्था तथा सर्वसाधारणहरुको लागि बिक्री खुल्ला गरिएकोमा माग भन्दा बढी इकाई खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८१ मंसिर २५ गते (बैंकिङ्ग समय पश्चात्)** सो इकाईको लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारिक मानि इकाईको दरखास्त बुझिलिने कार्य आज मिति २०८१ मंसिर २५ गते (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखाकार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दैछौं।

**दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १००**
**दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : १,००,००,०००**
**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले।**

| सि.नं. | विवरण पुस्तिका पाईने स्थानहरु |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं, वेवसाइटः www.muktinathcapital.com |
| २. | मुक्तिनाथ विकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं, वेवसाइटः www.muktinathbank.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, वेवसाइटः www.sebon.gov.np |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

लगानीकर्ताहरुले धितोपत्र सर्वजनिक निष्काशनमा लिखित वा विद्युतिय माध्यामबाट आवेदन दिंदा लगानीमा जोखिम हुन सक्ने भएकाले अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरिएको विवरण पुस्तिका पढ़ी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

**यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१ मंसिर १० गतेको "कारोबार" दैनिकमा प्रकाशित आव्हान-पत्र वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईट www.muktinathcapital.com बाट समेत हेर्नुहुन अनुरोध गर्दछौं।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**
मुक्तिनाथ क्यापिटल लि. MUKTINATH CAPITAL LTD. A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com


# शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले बोलायो साधारणसभा

काठमाडौं (अस)। शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेडले पुस १९ गते १६औं वार्षिक साधारणसभा बोलाएको छ। मङ्सिर २३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल, रूपन्देहीमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो।

सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ। गत वर्षको मुनाफाबाट कम्पनीले कुल ८ प्रतिशत लाभांश प्रस्ताव पनि गरेको छ। कम्पनीले हाल कायम चुक्तापूँजीको आधारमा ३ प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरणको प्रस्ताव गरेको हो। संस्थापक तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी तीन जना र सर्वसाधारणतर्फबाट तीन जना सञ्चालक निर्वाचनको कार्यक्रम पनि सभाका लागि तय भएको छ।

साथै अन्य कुनै बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा प्राप्तिमा जाने संकेत गरेको कम्पनीले त्यसको सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभामार्फत गराउनेछ। सभा प्रयोजनका लागि कम्पनीले पुस ३ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा पुस २ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश पनि प्राप्त गर्नेछन्।

# सानिमा मिडिल तमोरको साधारणसभा पुस २३ गते

काठमाडौं (अस)। सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडले पुस २३ गते नवौं वार्षिक साधारणसभा आह्वान गरेको छ। मङ्सिर २० गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाडौंमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो। सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ।

संस्थापक समूहका शेयरधनीहरूबाट एक जना महिलासहित चार जना सञ्चालकहरूको निर्वाचन गर्ने कार्यक्रम समेत सभाका लागि तय गरिएको छ। समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग मर्जर तथा प्राप्ति प्रक्रियामा जाने प्रस्तावलाई समेत अघि सारेको कम्पनीले त्यसका लागि आवश्यक सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि गर्नेछ। वार्षिक साधारणसभा प्रयोजनका लागि कम्पनीले पुस ११ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा पुस १० गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन सक्नेछन्।

# लिबर्टी माइक्रो लाइफले आईपीओ निष्कासन गर्न सेबोनमा निवेदन

काठमाडौं (अस)। लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सले आईपीओ निष्कासन गर्नका लागि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन)मा निवेदन दिएको छ। कम्पनीले २२ लाख ५० हजार कित्ता आईपीओ निष्कासन गर्न मङ्सिर २० गते सेबोनमा निवेदन दिएको हो। कम्पनीको आईपीओ विक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ। सेबोनबाट स्वीकृति पाएपछि कम्पनीले पहिलो चरणमा वैदेशिक रोजगारीमा गएका नेपाली र त्यसपछि सर्वसाधारणमा आईपीओ जारी गर्नेछ।

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ मङ्सिर २४ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ३४ हजार ८२० |
| आवेदन परेको कित्ता | १९ लाख १७ हजार ४६० |
| आवेदन परेको रकम | १९ करोड १७ लाख ४६ हजार |
| निष्कासनको तुलनामा माग | ८.५२ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ पुस ३ गते |
| विक्री प्रबन्धक | कुमारी क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ डिसेम्बर ९)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ८१,५०८.४६ | -०.२५% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २४,६१९.०० | -०.२४% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,१६०.५० | ०.१८% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | २०,४१४.०९ | २.७६% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,४०२.५३ | -०.०५% |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर २४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | तारागाउँ रिजेन्सी होटल्स लि. | ११२९ | १५३८ | ६९५.१ |
| २ | कालिञ्चोक दर्शन लिमिटेड | १११३ | १३८१ | ७३५ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ९४१ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ९२६ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ९१२ | ११६८.५ | ५५९ |
| ६ | सोल्टी होटल लिमिटेड | ४८७.३ | ६३६.५ | ४१६.५ |

# लगातार चार कारोबार दिन घट्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

साताको दोस्रो कारोबार दिन सोमवार पनि बजार घटेर बन्द भएको छ । नेप्से १२ दशमलव ८४ अंक घटेर २ हजार ६७६ दशमलव १५ विन्दुमा झरेको हो ।

यस दिन कारोबार रकमसमेत घटेको छ । अघिल्लो कारोबार दिन रू. ७ अर्ब ४६ करोड बराबरको कारोबार भएकोमा यस दिन रू. ५ अर्ब ६२ करोडमा झरेको हो । यससँगै बजार लगातार चार कारोबार दिन घटेको छ ।

यसअघि २ हजार ७८० विन्दु पार गर्न नसकेपछि बजारको ओरालो यात्रा शुरू भएको हो । उक्त विन्दुबाट बजार माथि जान नसकेपछि पुन : घट्छ भन्ने मानसिकता कायम हुँदा बजारमा विक्रेता हाबी भएको जानकार बताउँछन् ।

कारोबारमा आएका धितोपत्रमध्ये सबैभन्दा बढी इमर्जिङ्ग नेपालको शेयर मूल्य ८ दशमलव ७६ प्रतिशत वृद्धि भएको छ । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ३१६ पुगेको हो ।

सोमवार स्वाभिमान लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेसँगै नकारात्मक सर्किट लागेको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. २ हजार १४१ दशमलव १० मा झरेको छ ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले ओगटेको छ । यस कम्पनीको रू. ३५ करोड २७ लाख बराबरको शेयर खरीदविक्री भएको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार १८२ कायम भएको छ । सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा हिमालयन डिष्टिलरी रहेको छ । कम्पनीको रू. २७ करोड ९१ लाख बराबरको शेयर खरीदविक्री भएको छ । कम्पनीले गत आर्थिक वर्ष (आव) को मुनाफाबाट शेयरधनीलाई लाभांश वितरण गर्ने घोषणा गरेको छ ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये पाँच समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ । तीमध्ये जीवन बीमा समूहको सूचक सबैभन्दा बढी १ दशमलव ६७ प्रतिशत घटेको छ भने उत्पादन तथा प्रशोधन समूहको सूचक सबैभन्दा बढी १ दशमलव ०६ प्रतिशत वृद्धि भएको छ ।

**बजार पूँजीकरण घट्यो**

सोमवार बजार पूँजीकरण २१ अर्ब ३० करोड रूपैयाँले घट्दै ४४ खर्ब ३८ अर्ब ९३ करोड रूपैयाँ कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण ४४ खर्ब ६० अर्ब २४ करोड रूपैयाँ थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३७ दशमलव ५४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ११ करोड ३२ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ । उक्त समूहको रू. ६५ करोड १९ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ८४ करोड ५७ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ४७ करोड ७२ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३६ करोड ८५ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४२ रहेको छ । जसबाट सोमवारको बजारमा रू. ४२ करोड ९ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| इमर्जिङ्ग नेपाल लिमिटेड | १,३१६.०० | ८.७६ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | २,१४१.१० | -१०.०० |
| महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २,४००.०० | ७.१४ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४३२.९० | -८.२१ |
| १०.२५% सिटिजन्स बैंक डिबेन्चर २०८६ | १,१२४.८० | ६.११ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १,२९८.१० | -७.२५ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | १,१८२.०० | ६.०३ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १,०१९.०० | -३.८७ |
| हिमालयन डिष्टिलरी लिमिटेड | १,३८१.०० | ५.९९ | नेपाल फाइनान्स लिमिटेड | १,१५०.०० | -३.८० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन | ६,७७४.९३ | १.०६ |
| २ | लगानी | १०४.२२ | ०.७६ |
| ३ | वित्त | ३,३११.१८ | ०.१५ |
| ४ | म्युचुअल फण्ड | २१.७४ | ०.१४ |
| ५ | अन्य | १,९८९.६३ | ०.११ |
| ६ | बैंकिङ्ग | १,४०६.८५ | -०.४६ |
| ७ | जलविद्युत् | ३,५२४.९९ | -०.५४ |
| ८ | लघुवित्त | ४,९४६.३५ | -०.६१ |
| ९ | विकास बैंक | ५,७१६.६८ | -०.६८ |
| १० | होटल तथा पर्यटन | ६,६७०.८७ | -०.८३ |
| ११ | निर्जीवन बीमा | १२,८३३.११ | -१.१६ |
| १२ | व्यापार | ४,९०१.१५ | -१.३० |
| १३ | जीवन बीमा | १३,१०९.५२ | -१.६७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ३५.२७ | १,१८२.०० |
| हिमालयन डिष्टिलरी लिमिटेड | २७.९१ | १,३८१.०० |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | १२.४६ | ४४३.०० |
| जानकी फाइनान्स कम्पनी लिमिटेड | ११.१७ | ९२०.०० |
| लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १०.३५ | १,२९८.१० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २११.३२ | ३७.५४ |
| २ | वित्त | ६५.१९ | ११.५८ |
| ३ | लगानी | ५२.९२ | ९.४० |
| ४ | विकास बैंक | ५०.०४ | ८.८९ |
| ५ | उत्पादन तथा प्रशोधन | ३७.९२ | ६.७४ |
| ६ | बैंकिङ्ग | ३६.३४ | ६.४५ |
| ७ | लघुवित्त | ३५.२० | ६.२५ |
| ८ | जीवन बीमा | ३०.७९ | ५.४७ |
| ९ | निर्जीवन बीमा | १५.२० | २.७० |
| १० | अन्य | ११.७० | २.०८ |
| ११ | होटल तथा पर्यटन | ६.८० | १.२१ |
| १२ | संस्थापक शेयर | ४.८३ | ०.८६ |
| १३ | व्यापार | ३.०२ | ०.५४ |
| १४ | म्युचुअल फण्ड | १.२४ | ०.२२ |
| १५ | ऋणपत्र | ०.४१ | ०.०७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ३६.८५ | ४७.७२ | ८४.५७ |
| ४२ | २१.९२ | २०.१६ | ४२.०९ |
| ४५ | १९.२३ | २२.०० | ४१.२४ |
| ३४ | १९.४८ | १६.२१ | ३५.६९ |
| ५७ | १६.६३ | १७.६२ | ३४.२५ |

# हिमालयन डिष्टिलरीले बोलायो साधारणसभा

काठमाडौं (अस) । हिमालयन डिष्टिलरी लिमिटेडले वार्षिक साधारणसभाको मिति तय गरेको छ । कम्पनीको सञ्चालक समितिको बैठकले कुल २० प्रतिशत लाभांश प्रस्तावसहित अन्य विविध प्रस्ताव पारितका लागि पुस २८ गते २४औं वार्षिक साधारणसभा गर्ने निर्णय गरेको हो ।

सभा कम्पनीको रजिष्टर्ड कार्यालय वीरगञ्ज, पर्सामा बिहान १० बजे शुरू हुने जानकारी कम्पनीले दिएको छ । गत वर्षको मुनाफाबाट कम्पनीले १५ प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव गरेको हो ।

प्रस्तावित लाभांश र वार्षिक साधारणसभा प्रयोजनका लागि कम्पनीले पुस १९ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा पुस १८ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।

# मञ्जुश्री फाइनान्सको नगद लाभांश वितरण गर्ने प्रस्ताव

काठमाडौं (अस) । मञ्जुश्री फाइनान्स लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ६ दशमलव ३५ प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

मङ्सिर २३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ६ दशमलव ३५ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने निर्णय गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी १ अर्ब ३५ करोड १५ लाख ५२ हजार रुपैयाँ छ । सोही पूँजीको आधारमा नेपाल राष्ट्र बैंकको स्वीकृति र आगामी वार्षिक साधारणसभाले पारित गरेपछि वितरण गर्ने निर्णय कम्पनीले गरेको हो । गत वर्ष ५ दशमलव २६ प्रतिशत नगद लाभांश वितरण गरेको कम्पनीले यस वर्ष बढी लाभांश प्रस्ताव गरेको हो ।

## सूचना ! सूचना ! सूचना !

उपर्युक्त सम्बन्धमा यस का.म.पा. १६ वडा निवासी श्री अनिता श्रेष्ठ को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको कि.नं १३६३ को घरमा कोठा भाडामा लिई बस्ने श्री विजय गुप्ता (साह) विगत १० महिना देखि घरभाडा नदिई कोठामा ताला लगाई बेपत्ता भएको हुदा उक्त कोठा खोली पाँउ भनि निवेदक श्री अनिता श्रेष्ठले यस वडा कार्यालयमा निवेदन पेश गरेको हुदा, सो सम्बन्धमा काठमाण्डौ महानगरपालिकाको घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षी तपाई श्री विजय गुप्ता (साह) यस का.म.पा. १६ वडा कार्यालयमा १५ दिन भित्र उपस्थित हुन यो सूचना प्रकाशित गरिन्छ ।

**हुलास वायर इण्डष्ट्रिज लि.**
**बुढीगंगा, टंकीसिनुवारी, मोरंग**

## वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१ मंसिर २५ गते)**

यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न विषयमा छलफल गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति** : २०८० साल पौष १८ गते बिहिवार ।

**स्थान** : रजिष्टर्ड कार्यालय, बुढीगंगा, टंकीसिनुवारी, मोरंग ।

**समय** : बिहान १०:३० बजे

**छलफलका विषयहरू** :

१. संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात (आ.व.२०८०/८१) उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालकहरुको नियुक्ति तथा पारिश्रमिकको अनुमोदन गर्ने ।
५. विविध ।

**संचालक समितिको आज्ञाले,**
**(कम्पनी सचिव)**

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

**केन्द्रीय कार्यालय:**
**ज्ञानेश्वर-३०, काठमाण्डौं**
**फोन नं.: ०१-५९७००३०**
**टोल फ्रि नं.:१६६००-११-३०००**
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०८/२५**

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| १. **सनम खाध्यान्न स्टोर**<br>**प्रा.फ.दर्ता नं.**: १४४२५/८००<br>ठेगाना : दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं.१५<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ<br>स्थायी लेखा नं.: ६१५८१४४३६<br><br>**प्रोप्राइटर/धनजमानीकर्ता : तिला वली**<br>**ना.प्र.नं.**: ५५१/३६८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>पति : रुपेन्द्र बहादुर वली<br>ससुरा : खडक बहादुर वली<br>ठेगाना : दाङ जिल्ला, त्रिभुवननगर न.पा. वडा नं.०८, हाल घोराही उ.म.न.पा. वडा नं.१५<br>**शाखा कार्यालय : घोराही**<br>**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक) तथा प्रोप्राईटर तिला वलीको नाममा घर कर्जा समेत ।** | **रुपेन्द्र बहादुर वली**<br>**ना.प्र.नं.**: १३३३५/१४२२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>बाबु : खडक बहादुर वली<br>बाजे : खिम बहादुर वली<br>ठेगाना : दाङ जिल्ला, त्रिभुवननगर न.पा. वडा नं.०८, हाल घोराही उ.म.न.पा. वडा नं.१५<br>**सनम वली**<br>**ना.प्र.नं.**: ५२-०१-७७-०२२३०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>बाबु : रुपेन्द्र बहादुर वली<br>बाजे : खडक बहादुर वली<br>ठेगाना : दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं.१५<br>**ऋषिराज वली**<br>**ना.प्र.नं.**: ५५२/१४२३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दाङ<br>बाबु : खडक बहादुर वली<br>बाजे : खिम बहादुर वली<br>ठेगाना : दाङ जिल्ला, त्रिभुवननगर न.पा. वडा नं.०८, हाल घोराही उ.म.न.पा. वडा नं.१५ |
| २. **राजेन्द्र लामा**<br>**ना.प्र.नं.**: ४०८३६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : सुर्य मान लामा<br>बाजे : काजीमान लामा<br>ठेगाना : धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं.०४, हाल थाक्रे गा.पा. वडा नं.११<br>**शाखा कार्यालय : गल्छी**<br>**कर्जा शीर्षक : डि.एस.एल. रिक्सा कर्जा** | **अप्सरा लामा**<br>**ना.प्र.नं.**: २६१/२२२४३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति :राजेन्द्र लामा<br>ससुरा : सुर्य मान लामा<br>ठेगाना : धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं.०४, हाल थाक्रे गा.पा. वडा नं.११ |
| ३. **कागेश्वरी कृषि पशुपन्छी तथा माछापालन फर्म**<br>**व्यवसाय दर्ता नं.**: १३३३/१/०७७/०७८<br>ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं.१<br>दर्ता गर्ने कार्यालय : थाक्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, महादेवबेसी, धादिङ<br>स्थायी लेखा नं.: ६१३७४८७७९<br>**प्रोप्राइटर/धनजमानीकर्ता : मेनुका भण्डारी**<br>**ना.प्र.नं.**: २६१/२३०२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति : रामशरण भण्डारी<br>ससुरा : पोत बहादुर भण्डारी<br>ठेगाना : धादिङ जिल्ला, नौबिसे गा.वि.स. वडा नं.०४, हाल गल्छी गा.पा. वडा नं.०७<br>**शाखा कार्यालय : गल्छी**<br>**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक)**<br>**धितो/धनजमानीकर्ताहरुको विवरण**<br>**कृष्ण बहादुर भण्डारी**<br>**ना.प्र.नं.**: १४७७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : राम बहादुर भण्डारी<br>बाजे : खड्ग बहादुर भण्डारी<br>ठेगाना : धादिङ जिल्ला, बैरेनी नगर/गाउँ पञ्चायत वडा नं.०४, हाल गल्छी गा.पा. वडा नं.०७ | **देव माया भण्डारी**<br>**ना.प्र.नं.**: ३/३३१६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति : पोत बहादुर भण्डारी<br>ससुरा : कृष्ण बहादुर भण्डारी<br>ठेगाना : धादिङ जिल्ला, बैरेनी नगर/गाउँ पञ्चायत वडा नं.०४, हाल गल्छी गा.पा. वडा नं.०७<br>**पोत बहादुर भण्डारी**<br>**ना.प्र.नं.**: १२६५५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : कृष्ण बहादुर भण्डारी<br>बाजे : राम बहादुर भण्डारी<br>ठेगाना : धादिङ जिल्ला, बैरेनी नगर/गाउँ पञ्चायत वडा नं.०४, हाल गल्छी गा.पा. वडा नं.०७<br>**रामशरण भण्डारी**<br>**ना.प्र.नं.**: ४४/९९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : पोत बहादुर भण्डारी<br>बाजे : कृष्ण बहादुर भण्डारी<br>ठेगाना : धादिङ जिल्ला, बैरेनी गा.वि.स. पञ्चायत वडा नं.०४, हाल गल्छी गा.पा. वडा नं.०७ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| ४. **मुना किराना पसल**<br>**व्यवसाय दर्ता प्रमाणपत्र नं.**: १५<br>ठेगाना : नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं.०२, पहरेथोक<br>दर्ता गर्ने कार्यालय :सुर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चोकदे, नुवाकोट<br>स्थायी लेखा नं.: ६१०५९१८६८<br>**प्रोप्राइटर/धनजमानीकर्ता : मुना नेपाली**<br>**ना.प्र.नं.**: २५१०५२/३११<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नुवाकोट<br>पति : ठाकुर बहादुर नेपाली<br>ससुरा : रामजी नेपाली<br>ठेगाना : नुवाकोट जिल्ला, वागेश्वरी गा.वि.स. वडा नं.०१, हाल सुर्यगढी गा.पा. वडा नं.०२ | **ठाकुर बहादुर नेपाली**<br>**ना.प्र.नं.**: १५९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाडौं<br>बाबु : रामजी नेपाली<br>बाजे : मुरली नेपाली<br>ठेगाना : नुवाकोट जिल्ला, वागेश्वरी गा.वि.स. वडा नं.०१, हाल सुर्यगढी गा.पा. वडा नं.०२<br>**शाखा कार्यालय : गल्छी**<br>**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक) ।** |
| ५. **करिना मादल सेन्टर**<br>**व्यवसाय दर्ता नं.**: १६८७-०६-०७७-०७८<br>ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं.६<br>दर्ता गर्ने कार्यालय :थाक्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, महादेववेसी, धादिङ<br>स्थायी लेखा नं.: ६१५४३८८५०<br>**प्रोप्राइटर/धनजमानीकर्ता : ममिता कुलु**<br>**ना.प्र.नं.**: २६१/६७९४५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति : राजकुमार कुलु<br>ससुरा : काइला कुलु<br>ठेगाना : धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं.०६ | **राजकुमार कुलु**<br>**ना.प्र.नं.**: २६१/३४१२२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : काइला कुलु<br>बाजे : लब बहादुर कुलु<br>ठेगाना : धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं.०६<br>**शाखा कार्यालय : गल्छी**<br>**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक) ।** |
| ६. **जयराम कार्की**<br>**ना.प्र.नं.**: ४/९३२८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : दल बहादुर कार्की<br>बाजे : इन्द्र बहादुर कार्की<br>ठेगाना : धादिङ जिल्ला, थाक्रे नगर/गाउँ पञ्चायत वडा नं.०३, हाल थाक्रे गा.पा. वडा नं.०६<br>**शाखा कार्यालय : गल्छी**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक) ।**<br>**धितो/धनजमानीकर्ताहरुको विवरण**<br>**राधिका कार्की**<br>**ना.प्र.नं.**: ४/९३२७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति : जयराम कार्की<br>ससुरा : दल बहादुर कार्की<br>ठेगाना : धादिङ जिल्ला, थाक्रे नगर/गाउँ पञ्चायत वडा नं.०३, हाल थाक्रे गा.पा. वडा नं.०६ | **राजु कार्की**<br>**ना.प्र.नं.**: २६३०४६/७१३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : जयराम कार्की<br>बाजे : दल बहादुर कार्की<br>ठेगाना : धादिङ जिल्ला, थाक्रे गा.वि.स. वडा नं.०३, हाल थाक्रे गा.पा. वडा नं.०६<br>**सुनिता कार्की**<br>**ना.प्र.नं.**: २६१/०२६९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति : राजु कार्की<br>ससुरा : जयराम कार्की<br>ठेगाना : धादिङ जिल्ला, थाक्रे गा.वि.स. वडा नं.०३, हाल थाक्रे गा.पा. वडा नं.०६ |
| ७. **धादिङ जिन्स टेलरिङ सेन्टर**<br>**प्रा.फ.दर्ता.प्र.प.नं.**: ४७७५/०७३/०७४<br>ठेगाना : धादिङ जिल्ला नीलकण्ठ न.पा.वडा नं. ०३<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय धादिङ<br>स्थायी लेखा नं.: ६०५११९३४७<br>**प्रोप्राइटर/धनजमानीकर्ता : तुलसी परीयार**<br>**ना.प्र.नं.**: २६२७/१४३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>बाबु : निर बहादुर दमै<br>बाजे : उदय<br>ठेगाना : धादिङ जिल्ला, मैदि गा.वि.स./उ.म.न.पा.वडा नं ०३, हाल नीलकण्ठ न.पा.वडा नं. ०३ | **कमला परीयार**<br>**ना.प्र.नं.**: २६-०१-७०-०१६०६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धादिङ<br>पति : तुलसी परीयार<br>ससुरा : निर बहादुर दमै<br>ठेगाना : धादिङ जिल्ला, मैदि गा.वि.स./उ.म.न.पा.वडा नं ०३, हाल नीलकण्ठ न.पा.वडा नं. ०३<br>**शाखा कार्यालय : धादिङ**<br>**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक) ।** |
| ८. **शुभ गंगाजल ट्रेडर्स**<br>**प्रा.फ.दर्ता.नं.**: ३०७९६/०७०/०७१<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल न.पा.वडा नं. ११<br>दर्ता गर्ने कार्यालय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रुपन्देही<br>स्थायी लेखा नं.: ६००९५०२९३<br>**प्रोप्राइटर/धनजमानीकर्ता : बासुदेव गौतम**<br>**ना.प्र.नं.**: ४०३०३१/५६- अर्घाखाँची<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : पोषकान्त गौतम<br>बाजे : गुरुप्रसाद गौतम<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा.वडा नं ०२, हाल रुपन्देही जिल्ला बुटवल उ.म.न.पा.वडा नं. १३ | **सिता गौतम**<br>**ना.प्र.नं.**: १२७५३ अर्घाखाँची<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : बासुदेव गौतम<br>ससुरा : पोषकान्त गौतम<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा.वडा नं ०२, हाल बुटवल उ.म.न.पा.वडा नं. १३<br>**शाखा कार्यालय : बुटवल**<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक) ।** |
| ९. **गौतम देउराली कृषि तथा पशु फर्म**<br>**प्रा.फ.नं.घ.उ.वि.**: २६४०/०७६/०७७<br>ठेगाना : अर्घाखाँची जिल्ला शितगंगा न.पा.वडा नं. ०४<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, अर्घाखाँची<br>स्थायी लेखा नं.: ६००९५०२९३<br>**प्रोप्राइटर/धनजमानीकर्ता : बासुदेव गौतम**<br>**ना.प्र.नं.**: ४०३०३१/५६- अर्घाखाँची<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : पोषकान्त गौतम<br>बाजे : गुरुप्रसाद गौतम<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा.वडा नं ०२, हाल बुटवल उ.म.न.पा.वडा नं. १३ | **सिता गौतम**<br>**ना.प्र.नं.**: १२७५३ अर्घाखाँची<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : बासुदेव गौतम<br>ससुरा : पोषकान्त गौतम<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा.वडा नं ०२, हाल बुटवल उ.म.न.पा.वडा नं. १३<br>**शाखा कार्यालय : बुटवल**<br>**कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक)** |
| १०. **सिता गौतम**<br>**ना.प्र.नं.**: १२७५३ अर्घाखाँची<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : बासुदेव गौतम<br>ससुरा : पोषकान्त गौतम<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा.वडा नं ०२, हाल बुटवल उ.म.न.पा.वडा नं. १३<br>**शाखा कार्यालय : बुटवल**<br>**कर्जा शीर्षक : ओडि कार्ड कर्जा** | **बासुदेव गौतम**<br>**ना.प्र.नं.**: ४०३०३१/५६- अर्घाखाँची<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : पोषकान्त गौतम<br>बाजे : गुरुप्रसाद गौतम<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा.वडा नं ०२, हाल बुटवल उ.म.न.पा.वडा नं. १३ |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
मंगलवार, २५ मङ्सिर २०८१ | Tuesday, 10 December 2024
आर्थिक अभियान



तस्वीर : रासस

धादिङको नीलकण्ठ नगरपालिका-९ बाट लिइएको गणेश हिमाल हिमशृंखलाको तस्वीर । अग्रभागमा धादिङको नीलकण्ठ नगरपालिका-११ मा पर्ने तीन सय वर्ष पुरानो ऐतिहासिक महत्त्व बोकेको ज्यामरुङ दरबार क्षेत्र । तत्कालीन गोरखा राज्यका राजा नरभूपाल शाहले निर्माण गरेको यो दरबार क्षेत्र पछिल्लो समय पर्यटकीय गन्तव्य बनेको छ ।

# नुम्बुर हिमालय हाइड्रोपावरले पायो 'त्रिपल बी माइनस' रेटिङ

**अभियान संवाददाता**

काठमाडौं

प्रिमियम मूल्यमा प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) जारी गर्ने तयारीमा रहेको नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेडले तुलनात्मक राम्रो रेटिङ पाएको छ ।

सार्वजनिक निष्कासन प्रयोजनका लागि क्रेडिट रेटिङ एजेन्सी इन्फोमेरिक्स क्रेडिट रेटिङ नेपालबाट रेटिङ गराउँदा नुम्बुरले 'त्रिपल बी माइनस' रेटिङ पाएको हो । यसले समयमै वित्तीय दायित्व पूरा गर्ने सन्दर्भमा कम्पनीको मध्यमस्तरको जोखिम जनाउने इन्फोमेरिक्स बताएको छ ।

गत कात्तिक ७ गते सम्पन्न चौथो वार्षिक साधारणसभाले आईपीओ निष्कासन गर्ने प्रस्ताव भने पारित गरिसकेको छ ।

इन्फोमेरिक्सले आइतवार सार्वजनिक गरेको विवरण अनुसार यो रेटिङ आगामी एक वर्षभित्र सार्वजनिक निष्कासन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ । सो अवधिपछि सार्वजनिक निष्कासन गर्ने भए कम्पनीले पुनः रेटिङ गराउनुपर्नेछ ।

दुगड समूहले सञ्चालन गरिरहेको यस कम्पनीले सार्वजनिक निष्कासनबाट संकलित रकम नयाँ परियोजनामा लगानी गर्न सक्ने रेटिङ एजेन्सीले उल्लेख गरेको छ ।

रेटिङका लागि कम्पनीका सबल पक्षहरूमा रेटिङ एजेन्सीले बलियो समूह र अनुभवी व्यस्थापन टिमलाई लिएको छ । त्यस्तै वित्तीय कार्यसम्पादनको सन्तोषजनक अवस्था, परियोजनाको अवधिभर कभर गर्ने विद्युत् खरीद सम्झौता र विद्युतीय क्षेत्रका लागि बजारको मागमा सुधार भएको

**उक्त रेटिङले समयमै वित्तीय दायित्व पूरा गर्ने सन्दर्भमा कम्पनीको मध्यमस्तरको जोखिम जनाउने इन्फोमेरिक्सले बताएको छ ।**

अवस्थालाई रेटिङ एजेन्सीले बलियो आधार मानेको छ । यद्यपि जलविद्युत्मा पानीको मात्रा घटबढ भइराख्ने र प्राकृतिक विपत्तिको असर यो परियोजनाका लागि मुख्य जोखिम रहेको इन्फोमेरिक्सले जनाएको छ ।

यस कम्पनीले २४ दशमलव २० मेगावाट क्षमताको आयोजनाको विद्युत् विक्री गर्न नेपाल विद्युत् प्राधिकरणसँग सन् २०१५ मार्च ६ मा सम्झौता गरेको थियो । तर सात वर्षपछि सन् २०२२ जुन ३० मा ४ दशमलव ८४ मेगावाटको थप बिजुली 'टेक एण्ड पे'को आधारमा खरीदविक्री गर्न सम्झौता परिमार्जन भएको थियो ।

प्राधिकरणसँग भएको विद्युत् विक्री सम्झौता (पीपीए) व्यावसायिक सञ्चालनको मितिदेखि ३० वर्षसम्म कायम रहने जानकारी कम्पनीले दिएको छ । कम्पनीले २९ दशमलव ४ मेगावाट क्षमताको लिखुखोला ए जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन तथा विक्री गर्दै आएको छ ।

रेटिङ एजेन्सीले आर्थिक वर्ष २०७८/७९ मा कम्पनीले गरेको कुल सञ्चालन आम्दानी २८ करोड रुपैयाँभन्दा बढी रहेको उल्लेख गरेको छ, जुन आम्दानी आर्थिक वर्ष २०७९/८० मा ७५ करोड रुपैयाँभन्दा बढी रहेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा यस्तो आम्दानी थोरै घटेर ७३ करोड ८० लाख रह्यो ।

आईपीओ विक्रीबाट संकलित रकम नासा हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको १६० मेगावाट क्षमताको लाप्चेखोला जलविद्युत् आयोजनामा लगानी गर्ने कम्पनीले प्रष्ट पारेको छ । यो आयोजना दोलखा जिल्लाको बिगु गाउँपालिकास्थित लाप्चे खोलामा रहेको छ ।

# सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्दै नबिल बैंक

**अभियान संवाददाता**

काठमाडौं



मोबाइल, ल्यापटपलगायत पुराना विद्युतीय सामान 'अपसाइकल' र 'रिसाइकल' गरी विक्री गर्ने दीक्षित फुयाँलको उद्यम योजना अब छिट्टै साकार हुँदैछ । उनलाई उद्यम स्थापना तथा सञ्चालनका लागि आवश्यक शीप अब नबिल ईस्कुल अफ सोसल आन्ट्रप्रेनरसिप 'एसएसई फेलोसिप' कार्यक्रमले सिकाउँदैछ ।

यसैगरी होटल, रेस्टुरेन्टहरूमा ग्राहकले आफै अर्डर गर्न सक्ने प्रविधि 'डिजिटल वेटर' निर्माण गर्ने निरञ्जन चापागाईंको योजना पनि यसै कार्यक्रममा छनोट भएको छ । फुँयाल र चापागाईंजस्तै २० जना युवाका योजना नबिल बैंकको एसएसई फेलोसिप कार्यक्रममा छनोट भएको हो ।

बैंकले गत साउनमा सूचना प्रकाशित गरी फेलोसिप कार्यक्रमका लागि प्रस्ताव आह्वान गरेको थियो, जसमा कृषि, पर्यटन, ऊर्जा, वातावरण संरक्षण, सूचना प्रविधि लगायत जुनसुकै क्षेत्रमा नवीनतम सोच भएका १८ वर्षमाथिका नेपाली नागरिकले आवेदन दिन सक्ने व्यवस्था छ ।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत 'स्कूल अफ म्यानेजमेन्ट' सँगको सहकार्यमा सञ्चालित एसएसई कार्यक्रम अन्तर्गत छनोट भएका युवाले ६ महीनासम्म प्रयोगात्मक तालीम पाउनेछन् । यसका लागि हरेक महीना तीन दिन आवासीय तालीम समेत सञ्चालन हुनेछ । यसैगरी छनोट भएका युवाले तथा एक वर्षसम्म मेन्टरसिप सहयोग समेत पाउँछन् ।

**बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले बैंकलाई पैसा राख्ने र झिक्ने ठाउँका रूपमा मात्र बुझिएकोमा यसको भूमिका व्यापक छ भन्ने देखाउन एसएसई कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए ।**

युवालाई सामाजिक उद्यममा आकर्षित गर्ने उद्देश्यसहित नबिल बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत नबिल एसएसई कार्यक्रम शुरू गरेको हो । कार्यक्रम अन्तर्गत युवालाई उद्यमशील बनाउन फेलोसिप कार्यक्रम र शीप विकासका लागि सर्टिफिकेसन कोर्स सञ्चालन भइरहेको बैंकले जनाएको छ ।

२०७८ सालदेखि शुरू भएको फेलोसिप कार्यक्रमअन्तर्गत ६० जना युवालाई सहयोग गरिएको छ । तीमध्ये ५६ जनाले उद्यम गरिरहेको बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले जानकारी दिए । 'हिजो सीएसआर अन्तर्गत यो कार्यक्रम गर्छौं भन्दा राष्ट्र बैंकबाट स्वीकृति पाउन गाह्रो भयो,' उनले भने, 'अहिले यो बैंकिङ क्षेत्रकै अनुकरणीय काम बनेको छ, उहाँहरूले नै यसलाई सफल सीएसआरको उदाहरणका रूपमा सुनाउन थाल्नुभएको छ ।' बैंकको कार्यक्रमबाट उत्पादन भएका उद्यमीले एक हजार २ सय उद्यमीलाई रोजगारी दिएको उनले जानकारी दिए ।

यसैगरी एसएसई कार्यक्रम अन्तर्गत उद्यमशीलताबारे सर्टिफिकेसन कोर्स समेत सञ्चालन भइरहेको छ । तीन महीना अवधिको यो तालीम देशभरका एक दर्जन कलेजमा सञ्चालन भइरहेको छ । हालसम्म ५१८ जनाले कोर्स पूरा गरेको र ७२ जनाले उद्यम शुरू गरेको बैंकले जनाएको छ ।

बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले बैंकलाई पैसा राख्ने र झिक्ने ठाउँका रूपमा मात्र बुझिएकोमा यसको भूमिका व्यापक छ भन्ने देखाउन एसएसई कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । बैंकका सञ्चालक निर्वाण चौधरीले सामाजिक उद्यमलाई प्रवर्द्धन गर्न निरन्तर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

## तथ्यांकोवाच

### चीनको आयातमा नेपालले हिस्सेदारी बढाउन आवश्यक

विगत २५ वर्षमा चीनको आयातमा ठूलो वृद्धि भएको छ । उत्तरी छिमेकी मुलुक चीनको यस वृद्धिको फाइदा निकटतम छिमेकी नेपालले लिन सकिरहेको छैन । चीनको भन्सार दर, आयातको वस्तुगत तथ्यांकले यही विषय उजागर गरेको छ । दीर्घकालीन सोचको कमी, चीनसँग व्यापारवार्ता गर्ने कौशल, जाँगर र आत्मबल नभएकाले चीनको बढ्दो आयातको आकारमा नेपालले आफ्नो महत्त्वपूर्ण स्थान बनाउन नसकेको हो ।

**सन् २०२३ मा चीनको आयात**

| | मूल्य अर्ब अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | विश्व आयातमा स्थान | औसत भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|---|
| कुल | २,५५९.३२ | ८२९.४० | १०.७० | २.०० | ८.०० |
| **प्रमुख वस्तुहरू** | | | | | |
| पेट्रोलियम पदार्थ | ५१४.४२ | -४५३.१७ | १५.३० | १.०० | १.९० |
| विद्युतीय उपकरण | ५१२.८६ | ३५०.३६ | १४.४० | १.०० | ५.८० |
| धातुका धाउ | २३७.९० | -२३४.२८ | ६३.७० | १.०० | ०.१० |
| मशिनरी तथा पार्ट्स | २१४.५७ | ३१४.६० | ७.९० | २.०० | ६.२० |
| बहुमूल्य धातु, रत्न पत्थर | ११४.२२ | -८२.६१ | १२.०० | ३.०० | ४.४० |
| वैज्ञानिक अनुसन्धान तथा चिकित्साका साधनहरू | ८५.९५ | -७.२९ | १२.४० | २.०० | ४.४० |
| सवारीसाधन | ७७.८९ | १२१.८६ | ४.०० | ६.०० | २२.९० |
| तेलहन र जडीबुटी | ६९.७५ | -६६.४५ | ४३.५० | १.०० | १४.१० |
| तामा तथा तामाका उत्पादन | ६२.८९ | -५२.८४ | २९.३० | १.०० | ३.०० |
| प्लाष्टिक तथा तिनका उत्पादन | ६१.९८ | ७०.४९ | ८.६० | २.०० | ८.९० |
| जैविक रसायन | ४८.५५ | २९.३७ | ८.९० | २.०० | ५.६० |
| औषधि | ४७.४९ | -३४.८८ | ५.२० | ५.०० | ३.६० |
| फलाम | ३६.८१ | ३२.५४ | ७.५० | १.०० | ४.०० |
| मासु | २६.७४ | -२५.७४ | १६.६० | १.०० | १५.९० |
| अजैविक रसायन | २६.१० | ८.२१ | १३.०० | १.०० | ५.८० |
| कागजको पल्प | २३.८५ | -२३.५६ | ३८.५० | १.०० | ०.७० |
| खानीका उत्पादन | २१.९८ | -१८.४० | २६.९० | १.०० | ५.५० |
| तयारी रसायन | २०.८८ | १८.७३ | ७.४० | २.०० | ६.४० |
| अन्न | २०.५४ | -१९.५२ | ११.०० | १.०० | ५७.६० |
| माछा | १८.७७ | -८.३४ | १३.३० | २.०० | ९.६० |
| फलफूल र नट्स | १८.७५ | -१२.८२ | ११.८० | २.०० | १५.७० |
| काठ र काठका उत्पादन | १७.६९ | -१.९४ | ११.४० | २.०० | ४.४० |
| शृंगार प्रशाधन | १७.६७ | -१०.०५ | ९.६० | २.०० | १५.४० |
| रबर र तिनका उत्पादन | १६.५९ | १७.०३ | ७.५० | २.०० | ११.५० |
| खाद्य तेल र बोसो | १५.२१ | -११.७१ | ९.६० | ३.०० | १५.३० |
| हवाईजहाज र पार्ट्स | १२.९४ | -६.३५ | ६.१० | ४.०० | ३.५० |
| आलमिनियमका तथा तिनका उत्पादन | १२.३५ | २२.६३ | ५.३० | ३.०० | ६.२० |
| निकल तथा तिनका उत्पादन | ११.६४ | -१०.१२ | २५.३० | १.०० | ३.३० |
| विविध | १०.८९ | ५४.६३ | १.९० | ११.०० | |
| फलामका उत्पादन | ९.९१ | ८८.६८ | २.६० | ७.०० | ७.९० |
| कपास र तिनका कपडा | ८.९९ | १.६८ | १९.७० | १.०० | १३.८० |
| दुग्ध पदार्थ | ८.०२ | -७.२७ | ७.१० | २.०० | १४.०० |
| खाद्य उद्योगका अवशेष | ७.८१ | -३.८६ | ६.७० | १.०० | ७.५० |
| कागज | ६.९३ | २२.३२ | ३.७० | ६.०० | ८.१० |
| अन्न निर्मित तयारी खाद्य परिकार | ६.५८ | -३.९४ | ६.१० | ४.०० | १३.२० |
| छालाका उत्पादन | ६.४९ | ३२.२९ | ७.०० | २.०० | १२.९० |
| काँच र तिनका उत्पादन | ६.३० | १९.२८ | ७.३० | २.०० | ११.५० |
| जुत्ता चप्पल | ६.२५ | ४७.०७ | ३.९० | ५.०० | १४.०० |
| विविध खाद्य परिकार | ६.१७ | ०.९४ | ५.५० | ३.०० | १६.५० |
| बभेरेज, स्पिरिट र भिनेगार | ५.७० | -२.७२ | ३.७० | ७.०० | २०.३० |
| रासायनिक मल | ५.६१ | ४.१० | ५.५० | ४.०० | २४.५० |
| सरसफाइका वस्तु | ५.५४ | १.४७ | ७.०० | २.०० | ११.१० |
| कपडाका तयारी पोशाक | ५.२८ | ६५.५८ | २.५० | ११.०० | १३.३० |
| खेलौना र खेलकुदका सामान | ४.८३ | ८६.१४ | ३.२० | ७.०० | ९.१० |
| रङरोगनका उत्पादन | ४.८२ | ४.६७ | ५.४० | ३.०० | ९.०० |
| घडी तथा पार्ट्स | ४.६४ | ०.१९ | ७.७० | ३.०० | १४.३० |
| अन्य बेस मेटल | ४.२१ | ०.७७ | १५.९० | १.०० | ५.३० |
| परिष्कृत अल्बुमिन, स्टार्च, ग्लु र इन्जाइम | ४.१३ | ०.३९ | ९.८० | १.०० | १०.९० |
| जादीदार तयारी पोशाक | ३.९६ | ७९.०८ | १.७० | १४.०० | १३.२० |
| चिनी र मिठाई | ३.८७ | -०.८५ | ५.३० | २.०० | ३९.८० |
| तरकारी र दलहन | ३.३६ | ७.६२ | ३.५० | ७.०० | १३.०० |
| फोटोग्राफका सामान | ३.३६ | -२.०९ | २३.४० | १.०० | १५.६० |
| छाला | २.९२ | -२.०१ | १७.२० | १.०० | ७.६० |
| ऊन र ऊनका फेब्रिक | २.७९ | -०.७३ | २५.५० | १.०० | २३.८० |
| औजार | २.५९ | २१.१० | ३.८० | ५.०० | ८.३० |
| फर्निचर | २.४८ | ११८.७७ | १.०० | २२.०० | १०.१० |
| सूर्ती चुरोट | २.२१ | -१.३४ | ४.३० | ५.०० | ३०.४० |
| तरकारी र फलफूलका तयारी परिकार | २.२१ | ७.७३ | २.७० | ९.०० | १२.२० |
| मानवनिर्मित फिलामेन्ट | २.०९ | २६.६२ | ४.५० | ३.०० | १२.०० |
| खाद्य मिलका उत्पादन | २.०७ | -१.१७ | ६.९० | २.०० | २६.४० |
| कागजका मुद्रित सामग्री | २.०५ | २.०० | ५.६० | ३.०० | २.५० |
| कफी, चिया र मसला | १.८० | १.९९ | २.७० | १०.०० | १२.३० |
| प्रस्तरका सामान | १.७७ | ११.४१ | ३.१० | ६.०० | ११.९० |
| अन्य कलाजन्य संग्रह | १.६९ | -०.२७ | ४.७० | ६.०० | ५.४० |
| बेस मेटलका विविध सामग्री | १.६६ | २४.६९ | २.१० | ११.०० | १२.१० |
| मानवनिर्मित स्टेपल फाइबर | १.४५ | ११.७७ | ४.१० | ५.०० | १०.९० |
| सेरामिकका उत्पादन | १.४१ | २५.०९ | २.६० | ६.०० | १२.३० |
| अन्य वानस्पकित रेशा र फेब्रिक | १.४१ | ०.१८ | २४.८० | १.०० | ८.२० |
| जनावरका अवशेष | १.३२ | ०.४२ | ११.३० | १.०० | १४.३० |
| विविध निर्मित सामग्री | १.३१ | २६.३१ | २.३० | १०.०० | ११.५० |
| प्वाँख, आदिबाट बनेका उत्पादन, विग्स, नकली पुष्प | १.३० | ९.२२ | १७.०० | २.०० | १५.५० |
| जडित कपडा | १.२९ | ७.९९ | ५.३० | ४.०० | ९.७० |
| जिंक र जिंकका उत्पादन | १.२१ | -१.०३ | ६.१० | ३.०० | ४.१० |
| वेभिङ जमोड आादि कपडा | १.०४ | -०.६० | १.७० | १४.०० | १०.८० |
| टिन र तिनका उत्पादन | ०.९९ | -०.६४ | १३.८० | १.०० | ५.०० |
| भुवाका उत्पादन | ०.८२ | ०.५८ | २२.३० | १.०० | १८.७० |
| रेलवेका सामान | ०.७७ | ११.१८ | २.२० | १६.०० | ३.७० |
| जालीदार कपडा | ०.६८ | २०.९० | २.२० | १२.०० | १४.९० |
| मांस परिकार | ०.५५ | १०.०८ | १.१० | २१.०० | ११.०० |
| संगीतका साधन | ०.५० | १.६० | ६.६० | ४.०० | १३.९० |
| नौकाका सामान | ०.४९ | ३१.४९ | ०.६० | ३०.०० | ६.६० |

*स्रोत : आइटिसी ट्रेडम्याप*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित  प्रधान सम्पादक : मदन लम्साल  सम्पादकीय निर्देशक : केशव गौतम  कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ  पाञ्चायनमार्ग, थापाथली, काठमाडौं  पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७  इमेल : editorial@abhiyan.com.np  मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर